अभियान साप्ताहिक अब अनलाइन संस्करणमा पनि
www.abhiyanweekly.com.np

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Devendrachudal@gmail.com

वर्ष : ४३ / अंक : ११ / २०८२ असोज २४ गते शुक्रबार / नेपाल सम्वत ११४५ / Oct. 10, 2025 / मूल्य रु. १०/-

## कार्की आयोग विघटन गर सरकार

काठमाडौ । भाद्र २३ गते र २४ गते भएको विरोध प्रदर्शनपछि मुलुक थप संकटमा पर्दै गएको आभाष पाउन थालिएको छ । जेन-जीहरूको आन्दोलनपछि पुराना भनिएका राजनीतिक दलहरूलाई पाखा लगाउने भन्दै जेन-जीहरूले उनीहरूकै सहमतिमा सर्बोच्च अदालतका पूर्व प्रधानन्यायाधिश सुशिला कार्कीको नेतृत्वमा सरकार गठन गर्न माग गरेपछि कार्कीकै नेतृत्वमा सरकार गठन भएको झण्डै एक महिना पुगेको छ ।

यो समयमा प्रधानमन्त्री कार्कीले मन्त्रिपरिषद्लाई पूर्णता दिन सकेकी छैनन् भने जेन-जीहरूको आन्दोलन पछि हामी नेपाली संस्थाका अध्यक्ष सुदन गुरूङ एक्कासी चर्चामा आएका छन् । पछिल्लो समयमा उनले प्रधानमन्त्री सहित मन्त्रीहरूसँग प्रायः प्रत्येक दिन भेटघाट गरी सरकारी उच्च तहका कर्मचारीहरूलाई निर्देशन

बाँकी ८ पेजमा

हामीलाई www.abhiyanweekly.com.np मा पनि पढ्न सकिन्छ ।

# मुलुक ध्वस्त बनाउनेहरू सत्तामै कार्की आयोगको निष्पक्षता मै प्रश्न !

## जेन-जीहरूलाई देखाएर आफ्नो स्वार्थ पूरा गर्नेहरू सक्रिय

काठमाडौ । भाद्र २३ गते भएको जेन-जीहरूको विरोध प्रदर्शन र २४ भाद्रमै भएको सिंहदरबारसहित सर्बोच्च अदालत, राष्ट्रपति कार्यालय, प्रधानमन्त्रीको सरकारी निवास, जिल्ला अदालत, संसद भवन, विशेष अदालत, सडक विभागलगायत राजनीतिक दलका शिर्ष नेताहरूको निजी निवासमा आगजनी गरियो ।

जेन-जीले भाद्र २३ गते १:३० बजे नै विज्ञप्ति नै प्रकाशित गर्दै आफ्नो विरोध प्रदर्शन सफल भएको र विरोध प्रदर्शनमा घुसपैठ भएको भन्दै विद्यार्थी जेन-जीहरूलाई आ आफ्ना घर फर्किन जानकारी गराएको थियो । तर केही जेन-जीहरू घर फर्किन नपाउँदै संसद भवन बानेश्वरमा आन्दोलनले उग्ररूप लियो । केही व्यक्तिहरू संसद भवनभित्र पसेर संसद भवनमा आगो लगाउन थाले भने केहीले पर्खाल नै भत्कउान थालेपछि त्यहाँ गोली चल्यो । तर, आजसम्म गोली कसले चलायो ? प्रहरी कि अरूले नै भन्ने एकीन हुन सकेको छैन ।

भाद्र २३ गते सुरक्षाकर्मी नराम्रोसँग चुकेको प्रष्ट रूपमै देखिन्छ । विरोध प्रदर्शनमा ठुलो संख्या सहभागि भएको



हुँदा त्यहाँ सुरक्षाकर्मीहरूको संख्या न्यून रहेको थियो । जेन-जीहरूले विरोध प्रदर्शन गर्न स्थानीय प्रशासन, सिडियो कार्यालय काठमाडौको अनुमति लिँदा सिडियोले प्रदर्शनकारीलाई संसद भवनसम्मै जाने अनुमति किन दिए ? अन्य बेलामा शेराटन होटल अगाडिसम्म मात्र जान दिने गरिएको थियो । तर, जेन-जीहरूको विरोध प्रदर्शनलाई संसद भवनसम्म जान दिने अनुमति दिने तर सुरक्षाकर्मीहरूको उपस्थिति न्यून तैथान गर्नुको रहस्य के थियो ?

भाद्र २३ गते नै गोली चलिसकेपछि सुरक्षा निकायले भोलीपल्ट अर्थात भाद्र २४ गते विरोध प्रदर्शन हुन सक्छ भन्ने आंकलन गरेर किन सम्वेदनशिल क्षेत्रमा प्रर्याप्त मात्रामा सुरक्षाकर्मी तैनाथ गरेन । २४ भाद्रमा विहानै देखि विरोध प्रदर्शनका लागि मानिसहरू जम्मा हुँदै थिए तर सुरक्षा निकायले सम्बन्धित क्षेत्रमा सुरक्षाकर्मी खटाउन सकेन वा चाहेन ? सिंहदरबारमा आगजनी हुँदा सुरक्षाकर्मी हाँ थिए ? उनीहरूले प्रत्येक मिनेटमा खबर लिईरहेका भएपनि किन सिंहदरबार

बाँकी ८ पेजमा

## कार्की सरकार पनि लोकप्रियताकै बाटोमा अग्रसर

काठमाडौ । अन्तरिम सरकारको मुख्य उदेश्य भनेको आफैँले तोकेको फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न गराउनु र संविधानलाई ट्र्याकमा ल्याएर सम्वैधानिक मार्गमा ल्याउनु नै हो । तर सरकार विस्तारै लोकप्रियतावादतर्फ उन्मुख हुँदै गएको छ । त्यसको प्रत्यक्ष प्रमाण हो केही मन्त्रीहरूले तबलभत्ता नलिने उद्घोष गर्नु र केही मन्त्री मन्त्रालयमै बसेर त्यही खाना पकाउने खाने सुत्ने गर्नु के यो सस्तो लोकप्रियतावाद नै होइन र ?

सुशिला कार्की सरकारको पहिलो दायित्व र कर्तव्य भनेको तोकिएको समय फागुन २१ गते शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न गरि सो अवधिसम्मको सरकार सञ्चालनमा सम्वैधानिक प्रक्रियाको निसर्त पालना गर्नु पहिलोर अन्तिम जिम्मेवारी हो । सरकारको पछिल्लो

बाँकी ८ पेजमा

## राजनीतिक दलहरूको सहयोग विना निर्वाचन असम्भव

काठमाडौ । जेन-जीहरूको भाद्र २३ गतेको विरोध प्रदर्शन र भाद्र २४ गते भएको आगजनीका कारण सिंहदरबार, सर्बोच्च अदालत, राष्ट्रपति कार्यालय, प्रधानमन्त्रीको सरकारी निवास, जिल्ला अदालत, विशेष अदालतसहित धेरै भवनहरू र राजनीतिक दलका नेताहरूका निजी निवास समेत आगजनी भयो । सो आगजी कसले किन गऱ्यो भनेर सरकारले त्यस विषयमा अहिलेसम्म कुनै अनुसन्धान समेतअघि बढाउन सकेको छैन भने सरकारले राजनीतिक दलहरूसँग निर्वाचनका बारेमा कुनै सम्वाद सम्म गर्न चाहेको देखिँदैन ।

जेन-जीहरूकै माग अनुसार पूर्व प्रधानन्यायाधि सुशिला कार्की फागुन २१ गते निर्वाचन गराउने सर्तमा प्रधानमन्त्रीमा नियुक्त भएकी हुन् । कार्की सरकारको मुख्य

बाँकी ८ पेजमा

## जेनजीहरू एकै ठाउँमा नउभिँदा कार्की सरकार अप्ठ्यारोमा

काठमाडौ । लोकतान्त्रिक व्यवस्थामा राजनीतिक दलहरूले नै राज्य सञ्चालन गर्नुपर्ने हुन्छ । लोकतन्त्र भनेको जनताको तन्त्र भएकाले गर्दा राजनीतिक दलहरूलाई पाखा लगाएर राज्य सञ्चालन हुन सक्दैन । भाद्र २३ गते र २४ गते भएको विरोध प्रदर्शनपछि भएको परिवर्तन पछि जेन-जीहरूको समर्थनमा असम्वैधानिक तवरबाट प्रधानमन्त्री नियुक्त भएकी सुशिला कार्की प्रधानमन्त्री भएको झण्डै एक महिना पुग्न लाग्दा समेत उनले राजनीतिक दलका नेताहरूसँग भेटघाट गरी वार्ता गर्नुपर्नेमा त्यस्तो आभास पाउन सकिएको छैन । अहिलेको कार्की सरकारको मुख्य कार्यभार भनेको तोकिएको समय अर्थात फागुन २१ गते निष्पक्ष निर्वाचन गरी निर्वाचित जनप्रतिनिधिहरूलाई सत्ता हस्तान्तरण गर्नु नै हो ।

अरू थप राजनीतिक र सम्वैधानिक क्षति हुन नदिन प्रमुख राजनीतिक दलहरू अन्तरिम सरकार र जेन-जीहरूको अभियन्ताबीच निर्वाचनलाई केन्द्रमा राखेर सम्वाद र सहकार्य जरूरी रहेको छ । जेन-जी समूहहरू विभिन्न समूहमा बाँडिएका र एकले अर्कोलाई विश्वास गर्न सक्ने वातावरण नभएको हुनाले उनीहरूलाई एकै ठाउँमा ल्याउने प्रयास प्रधानमन्त्री कार्कीले नै गर्नुपर्दछ । भाद्र २३ गते भएको गोली प्रहार र भाद्र २४ गते भएको आगजनीको

बाँकी ८ पेजमा

## कार्की सरकार मुख्य एजेण्डाबाट बाहिर

काठमाडौ । भाद्र २३ गते भएको जेन-जीहरूको विरोध प्रदर्शन पछि र २४ भाद्र मै भएको सिंहदरबार सहित अन्य सरकारी संरचनाहरू आगजनी गरेर ध्वस्त पारिएपछि सरकार परिवर्तन भएको छ । पूर्व प्रधानन्यायाधिश सुशिला कार्कीको नेतृत्वमा नयाँ सरकार बनेको एक महिना पुग्न लाग्दा पनि सरकारले आफ्नो मुख्य एजेण्डा फागुन २१ गते निर्वाचन गराउने दायित्वबाट पन्छिन सक्ने सम्भावना बढेर गएको छ । जेन-जीहरू एकजुट छैनन् । जेन-जीहरू भित्र विभिन्न गुट उपगुट रहेका छन् । ती गुटहरू मध्येको एक हुन् सुदन गुरूङ । गुरूङको समूहले तत्कालिन प्रधानमन्त्री केपी ओली र तत्कालिन गृहमन्त्री रमेश लेखकलाई तत्काल पक्राउ गरी थुनामा राख्नुपर्ने माग गरिरहेको छ ।



प्रधानमन्त्रीको सरकारीनिवास बालुवाटारमा पटक पटक सरकारका मन्त्रीहरू र जेन-जीहरूबीचमा वार्ताभएको भएपनि गुरूङसमूह बाहेकका अन्य समूहहरूले आफूहरू संविधान भन्दा बाहिर नजाने उद्घोष गरिरहेका छन् भने गुरूङ समूहले भने प्रधानन्यायाधिश सहित न्यायाधिशहरू र सम्वैधानिक निकाय अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राई सहितको राजिनामा माग गरिरहेका छन् । सम्वैधानिक आयोगका प्रमुख र सदस्यहरूलाई संसदले उनीहरूका विरूद्ध महाअभियोग पारित गरेको खण्डमामात्र उनीहरू पदमुक्त हुने व्यवस्था रहेकाले अहिले प्रधानन्यायाधिश सहित सर्बोच्च अदातमा न्यायाधिश र अन्य सम्वैधानिक आयोगका

बाँकी ८ पेजमा

## कार्की प्रधानमन्त्रीका लागि प्रधानमन्त्री, निर्णय अरूबाटै

काठमाडौ । सुशिला कार्की प्रधानमन्त्रीमा नियुक्त भएपछि उनीसमेत लोकप्रियतावादमा लागि परेको जस्तो देखिएको छ । आफ्नो महत्वपूर्ण जिम्मेवारी भनेको तोकिएको समय फागुन २१ गते निर्वाचन सम्पन्न गरी निर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्न उनको महत्वपूर्ण जिम्मेवारी हो । तर उनी जेन-जीको केही नेताहरूलाई खुसी पार्नका लागि मात्र लागि परेको जस्तो देखिएको छ ।

जेन-जीका नेता भन्ने दाबी गर्ने सुदन गुरूङको हैसियत के हो ? उनले कुन हैसियतमा सरकारी उच्च तहका कर्मचारीहरूलाई निर्देशन दिने गरेका छन् ? केही दिन अघि गुरूङ गृह मन्त्रालयमा पुगेर प्रहरीका उच्च तहका कर्मचारी र सरकारी



कर्मचारीहरूलाई निर्देशन दिँदै गरेको भिडियो सार्वजनिक भएको छ ।

भाद्र २३ गते भएको जेन-जीको विरोध प्रदर्शनमा गोली चल्यो । तत्कालिन प्रधानमन्त्री केपी ओलीले भाद्र २४ गते राजिनामा दिएपछि सिंहदरबारसहित सर्बोच्च अदालत राष्ट्रपतिका कार्यालय, संसद भवन, प्रधानमन्त्रीको सरकारी निवास लगायत धेरै नेताहरूको घर जलाइयो । त्यसरी आगजनीमा संलग्न रहेका प्रर्याप्त प्रमाण रहेकाले गर्दा प्रहरीले पक्राऊ गरेको व्यक्तिहरूलाई कुनै कारबाही नगरि रिहा किन गरियो ? सुदन गुरूङले कार्की सरकारले नियुक्त गरेका उच्चस्तरीय छानविन जाँचबुझ आयोगका

बाँकी ६ पेजमा

## सुरक्षा निकायको कमजोरीको कारण खोजिनुपर्ने ?

काठमाडौ । भाद्र २३ गते जेन-जीले गरेको विरोध प्रदर्शनमा काठमाडौमा १७ र इटहरीमा २ गरी १९ जनाको ज्यान गएको छ । जेन-जी अगुवाहरूले २३ गते दिउँसो १:३० मै प्रेस विज्ञप्ति जारी गर्दै आफूहरूको विरोध प्रदर्शन सफल भएको भन्दै जेन-जीहरूलाई घर फर्किन आग्रह गरेको थियो । त्यसपछि धेरै जेन-जीहरू घर फर्किएका थिए । तर केही व्यीक्तहरू संसद भवन प्रवेश गर्न आतुर रहेका थिए । त्यहाँको विरोध प्रदर्शनलाई नेतृत्व गर्ने व्यक्ति कोही नभएका हुनाले उदण्ड व्यक्तिहरूकै कारण गोली चलेको थियो । शान्तिपूर्ण रूपमा विरोध प्रदर्शन गरि रहेका व्यक्तिहरूसँग कसरी झम्पल आयो ?

बाँकी ८ पेजमा

# Developing provincial NDCs

Ali Tauqeer Sheikh

PAKISTAN presented its first Nationally Determined Contributions in 2016, updating it in 2021 and most recently submitting NDC 3.0 last month. The latest asks for $565.7 billion in climate finance. Implementation of the first two? Marginal. Catastrophic floods in 2021 and 2025 affecting all provinces proved the point. As climate change accelerates, our resilience erodes further. The reason is simple: Pakistan's NDCs were top-down federal documents for bottom-up provincial subjects.

Constitutional reality: The 18th Amendment devolved climate-relevant sectors to the provinces. Agriculture, water management, urban planning, disaster response, irrigation, land use, forestry, infrastructure development and construction standards are all provincial subjects. These are where climate impacts hit and where adaptation must happen.

The first two NDCs were federal exercises. The climate change ministry reached out to the federal and provincial departments, set national targets and submitted documents to the UNFCCC. The provinces were not asked to develop their own NDCs, prepare implementation strategies, estimate financial needs or align budgets with climate commitments. Federal pledges were disconnected from provincial capacity.

Provincial development budgets total Rs2,869bn in 2025-26 — nearly three times the federal PSDP. These resources proceed without systematic alignment with NDC commitments. The machinery implementing development has never been oriented towards systematic climate action.

Case study in federal-provincial disconnect: The 2021 and 2025 floods exposed how federal NDC commitments fail without provincial implementation. Both the 2016 and 2021 NDCs pledged climate-resilient agriculture, improved drainage infrastructure and enhanced disaster preparedness. Yet when calamity hit, provincial responses revealed complete disarray.

Sindh's agriculture department had no plans for salt-tolerant crop varieties despite federal commitments. Its irrigation department hadn't climate-proofed canal systems. Provincial disaster management lacked pre-positioned resources, early warning integration, and evacuation protocols at scale. When the floods hit, Sindh requested emergency federal intervention rather than implementing existing NDC adaptation measures.

Punjab's drainage systems remained unchanged despite years of federal flood resilience pledges. Its irrigation department continued operating colonial-era infrastructure. Provincial planning had approved countless urban development PC-1s in flood-prone areas without EIAs or climate screening. Punjab's own climate vulnerability assessment mandated by federal policy had never been completed.

Balochistan's water infrastructure couldn't handle extreme rainfall because its planning had never developed the watershed management systems promised in federal NDC documents. KP's disaster preparedness was compromised because the provincial DMA had received neither the budget nor the institutional mandate to implement federal adaptation commitments. The floods revealed that federal ministries can pledge climate action to the UNFCCC, but only provincial departments can deliver it.

Provincial subjects, federal commitments: Agriculture is provincial. Sindh controls 5.4 million acres of irrigated land supporting cotton, rice, sugarcane. Punjab manages 14m acres producing wheat, rice and cotton. Each requires distinct climate strategies. Sindh needs salinity management and heat-resistant varieties. Punjab needs water-efficient irrigation and crop diversification. Federal NDC commitments to 'climate-resilient agriculture' mean nothing without the provinces developing costed plans, their irrigation departments modernising infrastructure and their budgets funding implementation.

Urban resilience is provincial and municipal. Sindh faces coastal flooding, extreme heat and inadequate drainage. Punjab confronts air quality crises, urban heat islands and monsoon flooding. Cities experience industrial water pollution and heat stress. Each area needs its own nuanced resilient-development priorities.

Political economy: Different political parties entrenched in different provinces create implementation barriers rarely acknowledged in federal NDC documents. Divergent political priorities make provincial implementation negotiable rather than automatic. The federal government has prioritised emergency cash disbursements over provincial NDC implementation capacity. This treats disaster response and disaster prevention as separate rather than integrated interventions.



Planning departments in Sindh and Punjab approve countless PC-1s annually without reference to federal NDC targets, while provincial finance departments don't track climate-relevant spending or organise budgets around NDC priorities. The World Bank and ADB have committed over $60bn since 2016, much of the amount flowing through provincial projects, yet systematic alignment with NDCs priorities is absent without the provinces owning the commitments.

Provincial ownership: Provincial NDCs would need each province to assess specific vulnerabilities and develop locally led responses. For example, Sindh would quantify coastal inundation risk, estimate costs for mangrove restoration and coastal defences, and budget for heat action plans in Karachi, Hyderabad and Thatta. Punjab would assess water scarcity in Bahawalpur and Multan districts and budget for urban heat mitigation in Lahore and Faisalabad. Balochistan would map drought vulnerability, estimate small-scale water harvesting needs and budget for rangeland management. KP and GB would assess GLOF risk and budget for disaster preparedness in the northern districts. Provincial finance departments would tag climate expenditures in annual budgets. NDC alignment for PC-1 approvals would be mandatory. Citizens' groups have already begun to hold provincial governments accountable for climate failures, including Sindh for Karachi's heat deaths and Punjab for Lahore's poor air quality.

Path forward: The Pakistan Climate Change Council must require each province to develop its own NDCs aligned with the national framework and based on provincial stakeholder consultation. Adaptation and mitigation strategies must have clear budgets, timelines, baselines and indicators. The Planning Commission will need to take the lead in climate-proofing the PSDP. The Economic Affairs Department must engage with the World Bank and ADB to align their $1.5-2bn annual portfolios with provincial NDC implementation.

Without provincial NDCs backed by provincial implementation strategies and provincial budgets, federal climate commitments to the UNFCCC will continue to be contradicted by the provincial planning departments and undermined by provincial budget allocations. The third federal NDC will fail like the first two did unless it catalyses provincial ownership. That is the lesson Pakistan must finally learn.

# गभर्नरका लागि **घर भाडामा लिँदै** राष्ट्र बैंक

काठमाडौं । नेपाल राष्ट्र बैंकले गभर्नर विश्वनाथ पौडेलको आवासका लागि ललितपुर क्षेत्रमा घर भाडामा लिन प्रस्ताव आह्वान गरेको छ । जेन-जी आन्दोलनका क्रममा उनको निवास आगजनीमा परेपछि उनका लागि आवासको व्यवस्था गर्न लागिएको हो ।

राष्ट्र बैंकको सम्पत्ति तथा सेवा व्यवस्थापन विभागले आइतबार सार्वजनिक गरेको सूचनामा ललितपुर महानगरपालिकाको बखुन्डोलदेखि भैँसेपाटीसम्मको क्षेत्रमा पर्ने घरलाई प्राथमिकता दिइने उल्लेख छ । सूचनाअनुसार प्रस्ताव पेस गर्न चाहने घरधनी वा फर्म-कम्पनीले १६ आनादेखि २४ आनासम्म जग्गा भएको, आरसिसी स्ट्रक्चरमा बनेको र २.५ देखि ३ तल्लासम्मको घर प्रस्ताव गर्नुपर्नेछ । घरमा कम्तीमा ६ वटा सवारीसाधन पार्किङ गर्ने सुविधा, एक हजार वर्गफुटभन्दा बढी पिलिन्थ क्षेत्रफल, एक मास्टरबेडरूमसहित कम्तीमा चारवटा बेडरूम, लिभिङ हल, किचन, डाइनिङ हल, स्टोर रूम तथा सुरक्षा गार्ड बस्न छुट्टै भवनको व्यवस्था हुनुपर्नेछ ।

त्यसैगरी, सुरक्षित कम्पाउन्ड वाल, कालोपत्रे सडकसँग जोडिएको, खानेपानी, बिजुली र ढल निकासको पर्याप्त सुविधा रहेको हुनुपर्ने राष्ट्र बैंकले जनाएको छ । घर भाडामा दिन इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरूले २७ असोजसम्म कार्यालय समयभित्र विभागमा प्रस्ताव पेस गर्नुपर्नेछ । आवश्यक फाराम तथा कागजात सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग, बालुवाटारबाट उपलब्ध गराइने उल्लेख छ ।

महालेखा परीक्षकको कार्यालयले नेपाल राष्ट्र बैंकका गभर्नर, डेपुटी गभर्नर र सञ्चालकले आफ्नै सुविधा निर्धारण गर्ने कार्यविधि स्वीकृत गर्नु औचित्यहीन भएको उल्लेख गर्दै आएको छ । तर, अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंकले भने यसलाई अन्देखा गर्दै आइरहेका छन् ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १९ मा गभर्नर, डेपुटी गभर्नर तथा सञ्चालकको पारिश्रमिक सुविधा सञ्चालक समितिले तोक्ने व्यवस्था भए पनि अन्य सुविधाबारे ऐनले स्पष्ट उल्लेख नगरेको महालेखाको प्रतिवेदनले जनाएको छ । सोही ऐनको दफा ३२ (२) अनुसार पदाधिकारीले आफ्नै सुविधासम्बन्धी निर्णयमा भाग लिन नपाउने प्रावधान रहे पनि व्यावहारिक रूपमा स्वार्थ बाझिने निर्णय भएको महालेखाको निष्कर्ष छ ।

प्रतिवेदनअनुसार राष्ट्र बैंकले गभर्नर, डेपुटी गभर्नर र अन्य पदाधिकारीले प्रयोग गर्ने सवारीसाधन खरिद गर्ने कार्यविधि स्वीकृत गरेको छ । यसअनुसार सेवाबाट अवकाश हुने वेला पदाधिकारीले आफ्नो प्रयोगमा रहेका सवारीसाधनलाई किताबी मूल्य वा खरिद मूल्यको २० प्रतिशत, जुन बढी हुन्छ, सो रकम तिरेर व्यक्तिगत नाममा नामसारी गर्न पाउने व्यवस्था गरिएको छ । सवारीसाधन विद्युतीय वा हाइब्रिड भएमा चार वर्षमा र पेट्रोल-डिजेलका भए पाँच वर्षमा मूल्य शून्य हुने गरी ह्रासकट्टी गर्ने प्रावधानसमेत रहेको प्रतिवेदनमा उल्लेख छ । महालेखाले आफैँले पाउने सुविधा समेटिएको कार्यविधि आफैँले स्वीकृत गर्नु औचित्यपूर्ण नदेखिएको भन्दै सेवाकालीन तथा अवकाशपश्चात्को सुविधा कानुनद्वारा स्पष्ट गर्नुपर्ने सुझाव दिएको छ ।

त्यस्तै, कानुनअनुसार सुविधा पाउने गभर्नर एक, डेपुटी गभर्नर दुई, कार्यकारी निर्देशक १८ र निर्देशक ५९ गरी ८० जना भए पनि बैंकमा एक सय २७ वटा सवारीसाधन रहेको, जसअनुसार ४७ वटा सवारीसाधन जगेडामा रहेको तथ्यांक प्रतिवेदनले उजागर गरेको छ । महालेखाले ती सवारीसाधनको प्रयोग मितव्ययी र प्रभावकारी बनाउनुपर्ने सुझाव दिएको छ ।



# ज्यूँदै छ, बालबालिकाको रगत तनतनी पिएको गणतन्त्र



• राजन कार्की
rajan2012karki@yahoo.com

नेपालको वर्तमान कालखण्ड शासन प्रशासनमा देवासुर सङ्ग्रामजस्तो छ । देवहरू नयाँ पुस्ता हुन् भने असुरहरू अनैतिकतामा उभिएका शासक प्रशासकहरू हुन् । २०८२ भदौ २३ र २४ गतेको जेनजी पुस्ताको आन्दोलनलाई यसरी मथियो कि त्यो आन्दोलन समुन्द्र मन्थनजस्तो बन्यो । ७६ भन्दा बढी नवयुवाको खली खाएको, रगत पिएको सत्ता ढल्यो, संसद ढल्यो, संविधान ढल्यो, राष्ट्रपति ब्रम्हनालमा पुगेका छन् । त्यसपछि अमृत कसले पिउने भनेर असुरहरू सङ्ग्राममा उत्रिएका छन् । असुरहरूलाई आसुरी प्रवृत्तिले छाडेको छैन । मृत्युको मुखबाट बाँचेका असुरहरू जेनजी पुस्तालाई बिथोल्ने, विभाजन गरेर राज गर्ने अङ्ग्रेजनीतिमा असुरूहरू लागेका छन् । एकदोस्रालाई खुल्याएर, हातेमालो गरेर स्वार्थको राज गरी आएका असुरहरू एक हुने प्रयासमा छन् ।

भन्न सकिन्न, असुरले जित्छन् कि नयाँ पुस्ताले ? नयाँ पुस्ता आफ्नै, देशको भविष्य सुनिश्चित गर्न सक्छन् कि सक्दैनन्, झण्डै ४ दशकदेखि भ्रष्टाचारमा आहाल बसेका असुरहरूलाई सच्याउन अथवा दण्डित गर्न क्षमता राख्छन् कि राख्दैनन् ?

सङ्ग्राम सुरु भइसक्यो । यो राजनीतिक महाभारत हो, महाभारतमा नयाँ पुस्ताले कृष्णावतार लिन सक्लान् कि नसक्लान् ?

बहुदल कालरात्रि बनेको थियो । जनयुद्धले कहाली लगायो, जनआन्दोलनले परिवर्तन लेऱ्यायो । कसले सोचेको थियो, परिवर्तनले पनि देश र जनताको सातो खान्छ भनेर । बालबालिकाको रगत तनतनी पिउँछ भनेर ?

खरानी भइसक्यो देश । खरानीबाट बन्नुछ, उठ्नुछ, उठाउनु छ देश । देश बर्बादीको भीरमा पुगिसक्यो, जनता बेहाल अवस्थामा पुगिसक्यो, नेतृत्वपङ्ति अझै संविधान कार्यान्वयन गऱ्यौं, संविधान बचायौं भन्दा भन्दै यही संविधानले बालबालिकाको रगत पियो, ज्यान लियो । संविधानले जनअपेक्षाको चीर हरण गऱ्यो, जुन पद्धतिले विधिको शासन सिध्यायो, त्यही संविधान कायम राखेर हुन्छ के ? अझै बर्बादी निम्त्याउने ?

शासक प्रशासकको, पद्धतिको नाकले माटो खाइसक्यो, न्याय ढलमती बनेर बगिसक्यो, विपन्न र पिछडाबर्गको हक र अधिकारसमेत सम्भ्रान्तले दिउँसै लुटेका छन्, अझै नेताहरू अग्रगमनतिर लागेका छौं भन्न लाज मान्दैनन् । पुस्तान्तरण गर्न अटेर गरेर बसेका छन् । रजगज गरेको शासनसत्ता छाड्दैनौं भनेर संग्राम निकालिरहेका छन् । यो कस्तो नेतातन्त्र हो, नेपोटिजम, नेपाबेबीइजम हो, जसले नाली र जंगल पनि चिन्दैन । संसद भेडीगोठ कि जनप्रतिनिधि स्थल हो भनेर हिजो बुझिएन । आज तिनै भ्रष्टहरू कुर्लिन थालेका छन् । देशमा रक्तपात गरेर पनि चेतेका छैनन् । यसैलाई भनिन्छ, लोकतान्त्रिक भनिएका नेताहरू मुखमा ऋषिमन देखाउँछन्, व्यवहारमा असुरपनको कार्य गर्छन् । राजनीतिमा अपराधिकरण भएपछि बढ्ने अपराध नै हो ।

भारतमा नरेन्द्र मोदीको एकछत्र राज चलेको छ । तिनै मोदीले नेपालको जिवन्त लोकतान्त्रिक जीवनलाई यसरी निसास्सिने गरेर घाँटी निमोठ्छन् भन्ने ? हिन्दुराष्ट्रलाई धर्मनिरपेक्षता बनाइदा पनि सहन्छन् भन्ने ? भारतलाई त उसको स्वार्थ प्यारो रहेछ, हिन्दुराष्ट्र, राजतन्त्रसँग कुनै सरोकार नै रहेनछ । यसैवीच चीन व्यापारी बनेर अगाडि बढेको छ । नेपालको सार्वभौमिकतालाई सम्मान गर्ने चिप्लो कुरा गरेर नेपालकै भूमिबाट भारतसँग व्यापार बढाएको छ । मोदीले चीनमा पुगेर नेपालको लिपुलेकबाट व्यापार गर्ने सन्धि गरे, जर्मन र अमेरिका पुगेर बुद्ध भारतका हुन् भनिदिए । लुम्बिनी पारी नक्कली लुम्बिनी बनाएर आधुनिक एयरपोर्ट निर्माण गरेर सञ्चालनसमेत गरिसके । तर नेपालको लुम्बिनीमा बनेको अन्तर्राष्ट्रिय विमानस्थलमा आउने विदेशी जहाजलाई अनुमतिसमेत दिन मानेनन् । त्यो भारत, त्यो चीनलाई साइजमा ल्याउन अमेरिका अग्रसर भएको छ । नेपाल विश्वशक्तिको प्रवेशले भूराजनीतिको भूमरीमा परिसक्यो ।

लोकतन्त्र भन्ने नेता र पार्टीहरूले आफ्नो भूमि भारत सरकारले ७७ स्थानमा हजारौं हेक्टर सीमा मिच्दा बोलेनन् । लिपुलेक, लिम्पियाधुरा, कालापानी भारतको नक्सामा हालेर हजम गरिदिए । मौन छन् । हालैको वर्षामा नेपाल डुबानमा पऱ्यो, भारतले अन्तर्राष्ट्रिय कानुनविपरित बाँध बनाएको विषयमा समेत कुनै दल, नेता, शासक, प्रशासक बोलेनन्, बोल्दैनन् । नेपाल मानौं भारतको प्रान्त होजस्तो, नेपालका बारेमा भारतको मोदी सरकारले अन्तर्राष्ट्रिय नीति, नियम, मर्यादासमेत उल्लंघन गरिरहेका छन् । नेपाल कसैको मौजा थिएन, होइन । तर व्यवहारले नेपाल परजीवी बनिसकेको छ ।

नेपालका होनहार पार्टी, नेता, नयाँ चुनिएका युवासमेत भारतको ज्यादतिबारे बोल्दैनन् । अब जेनजी पुस्ताले बोल्नुपर्छ, देशका लागि केही गर्नुपर्छ । असुर मास्न आन्दोलन गर्नसक्ने जेनजी पुस्ता अस्तित्व रक्षा गर्न पछि पर्नेछैनन् भन्ने विश्वास गर्न सकिन्छ । मात्र आवश्यक छ, टुटाउने र फुटाउने चिन्नुपर्छ, एकढिक्का हुनसक्नुपर्छ । हस्तक्षेप बढ्दो छ । हरेक प्रकारका हस्तक्षेप हामीले सुन्यौं, भोग्यौं र चुपचाप हेरिह्यौं । हामी विभाजित भएकाले हाम्रो प्रतिवादको स्वर आवश्यकताजति बाक्लो हुनसकेन । भारतले नाकावन्दी गरे पनि, नगरे पनि भारत 'एसेन्सियल इभिल'का रूपमा नेपालमा भारत गढेको छ । अब पश्चिमा र चीन पनि गढदो छ । जतिसुकै खराव भए पनि छिमेकी फेर्न सकिन्न । मित्रलाई दुश्मन बनाउन पनि सकिन्न । नेपालले परम्परागत नीतिमा बच्ने बचाउने काम गर्नुपर्छ । गरूढको छायाँ परेको सर्पजस्तो लाट्टिनु हुन्न कसैसँग ।

पश्चिमाले सहयोग गरिरहेका छन् । दुबै छिमेकीले पनि सहयोग दिइरहेका छन् । खरानी हामीमा छ, हाम्रो स्वार्थपनमा छ । खासगरी हाम्रो दक्षिणी छिमकी मुखले ऋषिमनको पवित्रता देखाउँछ र व्यवहारले असुरपन । उत्तरी छिमेकी नेपालको सार्वभौमिकताको कदर गर्छु भन्छ, साहस बढाउने सहयोग गर्दैन, पश्चिमा र युरोपियनहरू विश्वशक्ति बन्न र नेपाललाई इसाईकरण गर्न लागिपरेका छन् । यस्ता मित्रहरू डरलाग्दा हुन्छन्, बढी सतर्क हुनुपर्छ । यतिखेर नेपाल त्यही असुरपनको विषादी लागेर दीर्घरोग लागेको बिरामीजसरी छटपटिइरहेको छ । नेतृत्व निकास निकाल्न सक्षम छैन । राजनीतिमा समुन्द्र मन्थन भइरहेको छ, विष पन्छाएर अमृत ग्रहण गर्नुपर्ने बेलामा नेपाली समाजलाई गृहयुद्धतिर धर्केल्ने साजिस भइरहेको छ । बुद्धि पुगेन, राजनीतिक दलहरूको बुद्धि पुगेन । सहमति र सहकार्य, संवादबाट राजनीति अघि बढाउने अवसर छ, तर त्यो अवसर पनि गुमाएर देशलाई अशान्त पार्ने कार्य ठूला नेता र ठूलाहरूबाटै बढ्नु देशको दुर्भाग्य हो ।

चाहिएको सक्षम टेक्टिस हो, जुन अभाव छ । आन्तरिक न बाह्य, मल्लयुद्ध हाम्रो क्षमतामा छैन । इतिहास हेरौं, असुरचरित्रसँग असुर बनेर नेपालीले कहिल्यै बहादुरी देखाएनन् । युद्ध हारे, बहादुरी छाडेनन् । बहादुरीका साथ आफ्नो स्वतन्त्रतालाई वर्तमान कालखण्डसम्म अक्षुण्ण राखेका छन् । वर्तमान पुस्ताले भावीपुस्तालाई दिने उपहार पनि सिङ्गो र स्वतन्त्र नेपाल नै हो । नेपाली नेतृत्ववर्गले पहिलोपल्ट दह्रो खुट्टा टेक्नसक्नुपर्छ । जेनजी पुस्तालाई नेतृत्व गर्ने अवस्र दिनुपर्छ । नेपाल बफर स्टेट हो, बफर स्टेटकै रूपमा आफूलाई सगरमाथाजस्तै उभ्याइरहनुपर्छ । लाइट अफ एसियाकै रूपमा खडा राख्नुपर्छ । जडी उपाय अवलम्बन गरेर समस्याको जरो उखेल्ने र सबैसँग सम्बन्धलाई सामान्यीकरण गराउने सामुहिक यत्न थालिहाल्नुपर्छ । चरित्रहीनतामा डामिएकाहरू पन्छिनुको बिकल्प छैन । जति गर्नु शासन गरे, अब तिनीहरू सबैले जेनजी पुस्तामा नेतृत्व पुस्तान्तरण गर्नु उत्तम हुनेछ ।

नेपालको संसदमै प्रश्न उठ्यो– सत्यमेव जयते कि सिंहमय जयते ? चीनले नेपालको सार्वभौकितामा सम्मान गरेको हो भने लिपुलेक क्षेत्रबारे प्रष्ट बोल्नुपर्छ । तर नेपाललाई धमिलो पार्ने कार्य भइरह्यो, नेपाल विश्वशक्तिको अखडा बनिसक्यो । भ्रष्ट नेता र प्रशासकले नेपालको कूटनीति, राजनीति, आर्थिक, सामाजिक लगायतका हरेक क्षेत्रलाई प्रदूषित पारिसके ।

जनयुद्धको १० वर्षमा १७ हजार मारिए, जो बाँचे बाँच्नेहरू पीडकको त्रासदीमा पीडित भएर बाँचिरहेका छन् । चैत १५ होस् कि भदौ २३, २४ प्रष्ट छैन कति मरे मारिए । आमाहरूको आँखाको आँसु सुक्यो तर भ्रष्टाचारको निरन्तरता रोकिएन । जेनजी पुस्ता अघि सऱ्यो, तिनलाई गोलीले ठिक पार्नेहरू राजनीतिमा आफूलाई अब्बल सम्झन्छन् । आधुनिक युगमा मान्छेको ज्यान लिने मांसहारीहरू पनि लोककल्याणकारी राज्य चलाउन ल्याकत राख्ने प्राणी हुनसक्छन् र ?

जनआन्दोलन, जनयुद्ध, संविधान सभा, लोकतन्त्र, धर्मनिरपेक्षता, गणतन्त्र सबै घटनाक्रममा विदेशी ताकतले खेलेकै हो, पेलेकै हो । चैत १५ अथवा भदौ २३, २४ मा पनि नयाँ पुस्तालाई बदनाम गर्न रगतको होली खेल्नेहरू देशी विदेशी शक्तिहरू नै थिए । कहिल्यै पराधीन नभएको स्वतन्त्र नेपाल पराधीनताको पराकाष्ठा बेहोरिरहेको छ । यो सबै नेतृत्वको असक्षमता र अकर्मण्यताका कारणले हो । यसकारण पनि असुर भनेर दागी भइसकेका नेताहरूले नयाँ पुस्तालाई जिम्मेवारी दिनु उचित हुनेछ ।

बृटिशले 'बिभाजन गर र हत्याउ' भनेर सिकाएर गएको थियो, भारतले त्यसलाई दीव्यज्ञान मानेर नेपालमाथि त्यही नीति लादिरहेको छ । नेपालका नेताहरूले पनि भारतकै अनुकरण गरेर आन्तरिक रूपमा राजनीतिक स्वार्थ पूरा गरिरहेका छन् ।

भारत महाराज किन बिर्सेको– बागमतीमा रगत बग्दा गंगा पनि रगताम्मे हुन्छ । चीन किन बिर्सेको– नेपालले दुःख पाउँदा तिमी पनि अस्थिर र अराजक हुनेछौ । विश्वशक्ति किन बिर्सेको– नेपालको अशान्तिले विश्वयुद्ध निम्त्याउँछ ।

जेनजी पुस्ताले बुझ्नैपर्ने इतिहास–

खोटरहित नौवटी कन्याको नवयोनी पूजा गर्ने, तिनलाई नौ भैरवीको रूपमा उन्मत्त भैरव मैथुन गर्ने राजाले पनि नेपाल चलाएकै थिए । डेढवर्षका राजा गिर्वाणलाई सिंहासनमा राखेर स्वामी महाराज बनेका रणबहादुर शाहले नायवी बनेर सिक्किमदेखि गढवालसम्मको राज्य धानेकै थिए । १८१६ मा रसदपानी छेकेर युद्ध हारे पनि राणाहरूले पूर्वी नेपाल र नयाू मुलुक फिर्ता ल्याए, सीमामा जंगे पिलर गाडेर देशको रक्षा गरेकै हुन् । २०६३ साल वैशाख ११ को परिवर्तन, २०६५ साल जेठ १५ को गणतन्त्र कार्यान्वयन र २०७२ साल असोज ३ गतेको संविधान आधुनिक फ्रान्सको राज्यक्रान्तिजस्तै थियो, त्यो क्रान्ति २०७९ मंसिर ४ को दोस्रो आवधिक निर्वाचन परिणामबाट परास्त भएको थियो ।

अब नयाँ पुस्ता जागरूक बन्यो । अग्रसर भयो । नयाँ पुस्ताले संविधान, प्रधानमन्त्री, संसद, राष्ट्रपति भवन, सर्वोच्च अदालत सबै खरानी बनाउने गरी आन्दोलन गरिसकेको छ । हिंसामा उत्रने सत्तापक्ष हुन् कि घूसपैठ गरेर जेनजी पुस्तालाई बदनाम गर्नेहरू हुन्, सावधान...जेनजी पुस्ताले खरानीबाट देश उठाउने अभिभारा बोकेका छन् ।

यसकारण असुरहरू पछि हट । नयाँ पुस्तालाई देश हाँक्ने अवसर देउ ।




पढथ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

- अभियानवाणी

अभियान साप्ताहिक

## सम्पादकीय

## आफ्नो पोल खुल्ने डरले आगजनीमा संलग्नहरू रिहा गरिए

*भाद्र २३ गते भएको जेन–जीको विरोध प्रदर्शन, भ्रष्टाचारको अन्त्य र सुशासनका लागि भएको थियो । २३ गतेको विरोध प्रदर्शनको आंकलन गर्न गृह प्रशासन र सुरक्षा निकाय चुकेको हुनाले नै अप्रिय घटना घट्न गऱ्यो । यसको जिम्मेवारी गृह प्रशासन र सुरक्षा निकाले लिनुपर्दछ । अरुलाई दोष लगाएर गृह प्रशासन र सुरक्षा निकाय उम्नि पाउँदैन । भाद्र २३ गते १:३० मै जेनजी अगुवाहरूले आफ्नो विरोध प्रदर्शन सफल भएको भन्दै सम्पूर्ण जेन–जीहरूलाई आ आफ्नो घर फर्किन विज्ञप्तिमार्फत जानकारी गराएको थियो । सो विज्ञप्ति पछि धेरै जेन–जीहरू घर फर्किसकेका थिए तर केही व्यक्तिहरू संसद भवन भित्र पस्न र ससदको पर्खाल तोड्न अग्रसर भए ती व्यक्तिहरू को थिए ?*

*भाद्र २३ गते काठमाडौंमा १७ जना र इटहरीमा २ जनाको गोली प्रहार गरि हत्या गरियो । पूर्व प्रधानमन्त्री केपी ओलीले भाद्र २३ गते प्रहार गरिएको गोली नेपाली सुरक्षाकर्मीहरूसँग नभएको उद्घोष गरिसकेका र त्यसको निष्पक्ष छानविन हुनुपर्ने बताइसकेका छन् । प्रदर्शनकारीलाई लागेको गोली ७.६ बोरका रहेका अस्पतालका डाक्टरहरूले बताएका छन् । भाद्र २३ गते काठमाडौ र इटहरीमा गरी १९ जनाको निधन पश्चात् २४ गते विरोध प्रदर्शन हुन सक्छ भन्ने आंकलन नत नेपाली सेनाले गर्न सक्थ्यो नत नेपाल प्रहरीले नै । त्यहीनेर नेपाली सुरक्षाकर्मीको चुकेको छ । काठमाडौंका मेयर बालेन साहले निकै पहिला नै सिंहदरबार जलाउने अभिव्यक्ति दिएका थिए । जेन–जीहरूलाई आन्दोलनमा आउन विज्ञप्ति मार्फत उनले आग्रह गरिरहेका थिए तर उनी भने कुनै अज्ञात ठाउँमा बसेर निर्देशन दिँदै आएका हुनाले अब छानविनको दायरामा बालेन साह पनि आउनुपर्दछ ।*

*नेपाली सेनाको प्रधान कार्यालयदेखि सिंहदरबारको दुरी करिब २ सय मिटरको दुरीमा रहेको छ । सिंहदरबारभित्र पनि नेपाली सेनाको गण रहेको र त्यहाँ ७–८ सय सैनिकहरू हात हतियारसहित रहेकोमा किन सिंहदरबार जल्दा पनि ती सैनिकहरूलाई परिचालन गरिएन ? सिंहदरबार जल्यो, सर्बोच्च अदालत जल्यो, संसद भवन जल्यो, राष्ट्रपति कार्यालय जल्यो, प्रधानमन्त्रीको सरकारी निवास जल्यो, जिल्ला अदालत जल्यो, विशेष अदालत जल्यो, मुलुकभरमै धेरै निकायहरू जले तर सुरक्षा निकायले बेलैमा ती भवनहरूमा लगाइएका आगो निभाउने प्रयास गरेन । नेपाली सेनाका परमाधिपति समेत रहेका राष्ट्रपतिको कार्यालय जल्दा किन सेना मौन रह्यो ? आफ्नै परमाधिपतिको कार्यालय जल्दा रमिते बनेर बस्नु के सेनाको लागि उपर्युक्त कार्य थियो त ?*

*सुशिला कार्की भाद्र २७ गते प्रधानमन्त्रीमा नियुक्त भएपछि उनैको नेतृत्वको सरकारले जेन–जी आन्दोलनमा भएका घटनाको छानविन गर्न उच्चस्तरीय जाँचबुझ आयोग गठन गरेको छ । आयोगको अध्यक्षमा पूर्व न्यायाधिश गौरीबहादुर कार्की रहेका छन् । कार्कीले जेन–जी आनेलनका बारेमा तत्कालिन सरकारका प्रमुख केपी ओली सहितका गृहमन्त्री र अन्यलाई कारबाही गर्नुपर्ने स्टाटस पहिला नै लेखिसकेका हुनाले तिनै व्यक्तिलाई जाँचबुझ आयोगको अध्यक्ष बनाउनुको उदेश्य के ? कार्की त्यस्ता व्यक्ति हुन जसले उनलाई आयोगको अध्यक्ष बनाउँछ उसैको इसारामा चल्ने र छानविनको नौटंकी गरि दोषी देखाउने गरेका हुनाले कार्की आयोगबाट निष्पक्ष छानविन हुन सक्दैन त्यसैले तत्काल कार्कीलाई आयोगको अध्यक्षबाट हटाएर सर्बोच्च अदालतका बहालवाला वा पूर्व न्यायाधिशको अध्यक्षतामा छानविन आयोग गठन गरिनुपर्दछ ।*

*सिंहदरबार सहितका सरकारी संरचनाहरूमा आगजनी गर्ने र तोडफोड गर्नेहरूमा पूर्व सुरक्षाकर्मी लगायत भ्रष्टाचारीहरू, केही सरकारी पूर्व कर्मचारीहरू, जेलबाट भागेका कैदीबन्दीहरू लगायत विभिन्न काण्डमा दोषी ठहर भई सजायँ भोगिरहेका व्यक्तिहरूको समेत संलग्नता रहेको भन्दै प्रहरीले पक्राउ गरेका व्यक्तिहरूलाई कार्की सरकारको आदेशमा रिहा गरिएको छ । सिंहदरबारसहित सरकारी संरचना र सर्बोच्च अदालत जलाउने व्यक्तिहरूलाई रिहा गर्न आदेश दिने कार्की सरकारको यो कदमभित्र षड्यन्त्र लुकेको छ । सुरक्षा निकायकै व्यक्तिहरू समेत आगजनी र तोडफोडमा संलग्न रहेकाले गर्दा उनीहरूबाट पोल खुल्छ भन्ने डरले गर्दा उनीहरूलाई रिहा गरिएको हुनाले तत्कालिन ओली सरकार ढाल्न सरकारी उच्च तहका कर्मचारी र सुरक्षाकर्मीहरू नै लागि परेका थिएनन् भनेर विश्वास गर्ने आधार देखिँदैन भन्ने हाम्रो ठहर रहेको छ ।*

# विदेशमा मताधिकार : लोकतन्त्रका लागि अवसर

**रमेश अधिकारी**

वि.सं. २०७२ मा जारी भएको नेपालको संविधानको धारा १७ ले प्रत्येक नागरिकलाई समान रूपमा राजनीतिक निर्णय प्रक्रियामा भाग लिन सुनिश्चितता प्रदान गरेको छ । विदेशमा रहेका नेपाली विद्यार्थी, कूटनीतिक नियोगका कर्मचारी, शान्ति सेनामा कार्यरत, प्रवासी कामदार, उद्यमी, व्यापारमा संलग्न व्यक्तिका हकमा यो अधिकार व्यावहारिक रूपमा लागू भएको छैन ।

वार्षिक रूपमा लाखौं युवा विदेश पलायन भएर देशको अर्थतन्त्रलाई रेमिट्यान्समार्फत बलियो बनाउनेहरू नै आफ्नो राजनीतिक अधिकारबाट वञ्चित रहेका छन् ।

विदेशमा रहेका नेपाली नागरिकको 'मताधिकार प्रयोग गर्न पाउने अधिकार' आधारभूत मानवअधिकारको विषय हो । यो उनीहरूको संवैधानिक अधिकार पनि हो । 'निर्वाचनमा सबै नागरिकको समान अवसरसहित वास्तविक भावना र इच्छासमेतलाई प्रतिनिधित्व गर्नका लागि वैदेशिक रोजगारीमा रहेका नागरिकलाई मुलुकबाहिरबाटै सबै तहको निर्वाचनमा मतदान गर्न पाउने अवसर प्रदान गर्नुपर्ने देखिएको तथा सो कार्यलाई व्यवस्थित रूपमा कार्यान्वयन गर्न सकिने नै देखिँदा आवश्यक कानुनी र अन्य पूर्वाधारको व्यवस्था गरी मतदानको अधिकार प्रदान गर्न' सर्वोच्च अदालतले नेपाल सरकार र निर्वाचन आयोगलाई निर्देशनात्मक आदेशसमेत जारी गरेको छ ।

सर्वोच्च अदालतले वि.सं. २०७४ चैत ७ मा विदेशमा रहेका नेपालीलाई समेत मतदानको अवसर दिलाउनका लागि आवश्यक पर्ने कानुन तीन महिनाभित्र निर्माण गर्नका लागि निर्वाचन आयोगलाई आदेश दिए पनि हालसम्म यो कार्यान्वयन भएको छैन ।

नवनियुक्त गृहमन्त्री ओमप्रकाश अर्यालले विदेशमा रहेका नेपालीलाई आगामी निर्वाचनमा मतदानको अधिकार दिने योजना सार्वजनिक गरेपछि यो सवाल फेरि बहसमा आएको छ । मन्त्री अर्यालले निर्वाचन आयोगका पदाधिकारीसँगको छलफलमा अध्यादेशमार्फत कानुन संशोधन गरेर भए पनि प्रवासी नेपालीलाई समानुपातिक निर्वाचन प्रणालीमा भाग लिन दिने र उमेर पुगिसकेका तर मतदाता नामावलीमा नाम नभएका युवालाई पनि समावेश गर्ने योजना सार्वजनिक गरेका थिए । विगतका निर्वाचनमा समानुपातिक निर्वाचन प्रक्रियामा विदेशमा रहेका नेपालीलाई मतदानमा सहभागिता गराउने मुद्दा पटक–पटक उठेको छ । वि.सं. २०७४ को संविधानसभाको निर्वाचनदेखि नै विदेशमा रहेका नेपालीको मताधिकारको माग बलियोसँग उठेको थियो । नन–रेजिडेन्ट नेपाली एसोसिएसन (एनआरएनए) ले वि.सं. २०६० मा 'एब्सेन्टी भोटिङ फर नेपाली डायस्पोरा' नामक प्रतिवेदन तयार पारेको थियो, जसमा विदेशबाट मतदान गर्न सक्ने सम्भाव्यता अध्ययन गरिएको थियो । तर, राजनीतिक अस्थिरता र प्राथमिकताको अभावले यो अगाडि बढ्न सकेन । तर नयाँ अन्तरिम सरकारले यो मुद्दालाई प्राथमिकता दिएको देखिन्छ, जसलाई सकारात्मक मान्न सकिन्छ । यद्यपि, व्यावहारिक चुनौतीलाई छिचोल्न भने सोचेअनुरूप सहज भने देखिँदैन ।

**अन्तर्राष्ट्रिय अभ्यास कस्तो छ ?**

अन्तर्राष्ट्रिय कानुनले विदेशमा रहेका नागरिकलाई मताधिकारबाट वञ्चित गर्न नहुने मान्यता राख्छ । मानवअधिकारको विश्वव्यापी घोषणा (१९४८) को धारा २१ (३) र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र (१९६६) को धारा २५ ले बिना कुनै भेदभाव प्रत्येक नागरिकलाई मतदान गर्ने अधिकार सुनिश्चितता प्रदान गरेको छ ।

यसैगरी, आप्रवासी कामदारसम्बन्धी संयुक्त अन्तर्राष्ट्रिय महासन्धि (१९९०) को धारा ४१ ले आप्रवासी कामदार र उनीहरूका परिवारलाई आफ्नो देशको निर्वाचनमा मतदान गर्न पाउने अधिकार हुने उल्लेख गरेको छ, जसको व्यवस्था गर्नु राज्यको दायित्व हो । यी प्रावधानहरूले विदेशमा रहेको कारणले मात्र नागरिकलाई मताधिकारबाट वञ्चित गर्नु मानवअधिकार कानुनविपरीत हुने देखाउँछन् ।

विश्वका धेरै देशले विदेशमा रहेका आफ्ना नागरिकलाई मतदानको अधिकार दिएका छन् । संयुक्त राज्य अमेरिकाले सन् १८६२ देखि, अस्ट्रेलियाले सन् १९०२ देखि र भारतले सन् २०१० को संशोधनमार्फत यस्तो व्यवस्था लागू गरेका छन् । सन् २००७ को एक प्रतिवेदन अनुसार एक सयभन्दा बढी देशले विभिन्न नाममा विदेशमा रहेका आफ्ना नागरिकलाई मतदानको व्यवस्था गरेका छन् ।

यसमा दक्षिण अफ्रिका, अफगानिस्तान लगायतका देशले दूतावास र कन्सुलेटमा मतदान केन्द्र राख्ने व्यवस्था गरेका छन् । संयुक्त राज्य अमेरिका, क्यानडा लगायतका देशले हुलाकमार्फत मतदान गर्ने व्यवस्था गरेका छन् । यसैगरी भानुआटु लगायतका कतिपय देशले वारेस वा प्रतिनिधिमार्फत मतदानको व्यवस्था मिलाएका छन् ।

उता इस्टोनिया लगायतका कतिपय देशले विद्युतीय वा अनलाइन माध्यमबाट मतदानको व्यवस्था मिलाएका छन् । यसैगरी अस्ट्रेलिया, भारत लगायतका देशले मिश्रित प्रक्रिया अवलम्बन गरेको देखिन्छ । यसैगरी क्रोएसिया, इक्वेडर र फ्रान्सले विदेशमा रहेका नागरिकका लागि छुट्टै निर्वाचन क्षेत्रसमेत तोकेका छन् । भारतले विदेशमा रहेका नागरिकका लागि आफ्नो राहदानी देखाएर आफ्नो ठेगानाको निर्वाचन क्षेत्रमा मतदान गर्न पाउने व्यवस्था मिलाएको छ । नेपालमा राज्य व्यवस्था तथा सुशासन समितिले २०७५ सालमा विदेशमा रहेका नेपाली मतदातालाई समेत मताधिकार प्रदान गर्न आवश्यक कानुनी व्यवस्थाका साथै निर्वाचन व्यवस्थापनका लागि गरिनुपर्ने तयारीका सम्बन्धमा अध्ययन गरी प्रतिवेदन बनाउन निर्वाचन आयोगलाई निर्देशन दिएको थियो । उक्त निर्देशनपश्चात् निर्वाचन आयोगले अनुसन्धान टोली गठन गरी स्थलगत भ्रमणसहित प्रतिवेदन तयार पनि पारेको थियो । वि.सं. २०८० असार १८ मा मन्त्रिपरिषद्मा पेस गरेर एकीकृत निर्वाचन कानुनमा विदेशमा रहेका नागरिकका लागि मतदान गर्ने प्रावधान राखिए तापनि उक्त मस्यौदा अगाडि बढ्न सकेको छैन ।

**के नेपालले गर्न सक्छ ?**

नेपालको करिब ४० लाख जनसंख्या विदेशमा भएको र रेमिट्यान्सले करिब जीडीपीको २६ प्रतिशत हाराहारी योगदान गरे पनि विदेशमा रहेका नेपालीको राजनीतिक निर्णय प्रक्रियामा कुनै भूमिका छैन । यो असन्तुलनले लोकतन्त्रमा समावेशिताका सवालमा प्रश्न खडा गर्छ र कालान्तरमा लोकतन्त्रलाई नै कमजोर बनाउँछ । यदि विदेशमा रहेका नेपालीले मतदानमा भाग लिन पाउने हो भने हालको राजनीतिमा प्रतिनिधित्वको रूप अर्कै देखिन सक्छ । जब विदेशमा रहेका नेपाली पनि देशको निर्वाचनमा भाग लिन पाउँछन् तब मात्र राज्यले उनीहरूका अन्तर्राष्ट्रिय मुद्दाहरू, श्रमिक अधिकार, कूटनीतिक सेवामा ध्यान दिन बाध्य पार्छ । अन्यथा उनीहरू देश चलाउन रेमिट्यान्स मात्र पठाउने वर्गका रूपमा सीमित रहनेछन् ।

विदेशमा रहेका नेपालीलाई निर्वाचनमा सहभागी गराउन तीन मुख्य पूर्वसर्त रहेका छन् । पहिलो राजनीतिक र कानुनी सुधारको विषय हो । जसमा सरकार, राजनीतिक दल, निर्वाचन आयोग र नागरिक समाज जस्ता प्रमुख सरोकारवालाबीच विस्तृत छलफल र राजनीतिक सहमति आवश्यक पर्दछ । एक पटक राजनीतिक सहमति भएपछि निर्वाचनसम्बन्धी कानुनहरू संशोधन गरी विदेशमा रहेकालाई मतदान अधिकारको कानुनी आधार प्रदान गर्नुपर्नेछ । यसले निर्वाचन आयोगलाई यो प्रणाली लागू गर्न आवश्यक अधिकार दिनेछ र मतपत्र छपाइ तथा मतदाता शिक्षा अभियानका लागि समय व्यवस्थापन गर्नेछ । नेपालको संविधानको धारा १७ को स्वतन्त्रता हकको प्रावधान हेर्ने हो भने संविधानतः यस कामलाई रोकटोक गर्न सक्ने अवस्था देखिँदैन । तर यसका लागि केही ऐनहरूमा भने संशोधन गर्नुपर्ने देखिन्छ । यसका लागि मतदाता नामावली ऐन, २०७३, निर्वाचन ऐन, २०७४ र आवश्यक भएमा परराष्ट्र मामिला ऐन, २०७६ को संशोधन गरी मतदान केन्द्र सञ्चालनको अधिकार विदेशमा रहेका दूतावासलाई दिनुपर्ने हुन्छ ।

यसैगरी दोस्रो पूर्वसर्तका रूपमा वित्तीय व्यवस्थापन छ । यसका लागि निर्वाचनको बजेट बढाउनुपर्ने हुन्छ । संसारभर करिब १ सय ३० देशमा रहेका नेपालीलाई समेट्ने कुरा नेपालको विद्यमान वित्तीय क्षमताले धान्न सक्ने कुरा होइन । त्यसैगरी, तेस्रोमा उपयुक्त प्रणालीको डिजाइन र कार्यान्वयन पक्ष रहेको छ । निर्वाचन आयोगले दूतावासमा मतदान केन्द्र स्थापना गर्ने, हुलाकबाट मतदान गर्ने वा अनलाइन प्रणाली अपनाउने जस्ता विकल्प सोच्न सक्छ । यस प्रणालीको सफल कार्यान्वयनका लागि निर्वाचन आयोगको सम्पर्क मन्त्रालय गृहसँगको सहमतिमा र परराष्ट्र मन्त्रालयको समन्वयमा निर्वाचन आयोगभित्रै एक छुट्टै इकाइ स्थापना गरी आवश्यक योजना, बजेट र परिचालनको जिम्मा दिएर त्यसको आधार र प्रक्रिया निर्धारण गर्न सकिन्छ । यो काम दुई/चार महिनामै सम्पन्न हुने काम भने होइन ।

**चुनौती पनि बग्रेल्ती**

विदेशमा रहेका नेपालीलाई मतदानको अधिकार दिने कुरा सुन्दा जति आकर्षक छ, यसको कार्यान्वयन पक्ष त्यत्तिकै चुनौतीपूर्ण छ । आगामी निर्वाचन नजिकिँदै गर्दा समय अभाव पनि छ । विदेशमा रहेका ४० लाखभन्दा बढी नेपालीको नाम दर्ता गर्न राजदूतावासको क्षमता अपर्याप्त छ । खाडी मुलुकमा श्रमिकको अवस्था अत्यन्तै दयनीय छ । नियमित हुने ड्युटीका कारण उनीहरूले नाम दर्ता गर्नसमेत समय नपाउन सक्छन् । विदेशमा बस्ने नेपालीले मतदान गर्दा निर्वाचनको नतिजा प्रभावित हुन सक्छ भन्ने चिन्ता पुराना र ठूला दललाई हुन सक्छ । मतदान प्रक्रियाको निष्ठामा जोखिम र कूटनीतिक नियोग नभएका वा काम गर्न गाह्रो हुने देशमा चुनाव गराउनेजस्ता चुनौतीका कारण राजनीतिक दलहरूबीच सहमति जुटाउन गाह्रो हुन सक्छ ।

मानौं, हामीले नेपाली भएका देशमा मतपेटिका राख्ने भयौं भने उक्त देशको राजधानी वा मुख्य मुख्य सहरमा मात्र राख्न सक्छौं । तर धेरै कामदार आफ्नो निर्वाचन क्षेत्रबाट टाढा बसोबास गर्छन् । निर्वाचन क्षेत्रभित्र वा बाहिरबाटै मतदान गर्ने व्यवस्था नभएकाले उनीहरू हाल बसोबास गरिरहेका ठाउँबाट मतदान गर्न पाउँदैनन् । निर्वाचनको दिनमा निर्वाचन कर्मचारी, सुरक्षाकर्मी र पर्यवेक्षकजस्ता मतदानको काममा खटिएका व्यक्तिलाई पनि उनीहरूको निर्वाचन क्षेत्रभन्दा टाढा खटाइने हुँदा उनीहरू मतदानको अधिकारबाट वञ्चित हुन्छन् ।

कूटनीतिक नियोगहरूमा मतदान गर्न पाउने व्यवस्थाले सञ्चालनसम्बन्धी चुनौतीहरू आउन सक्छन् । यसका लागि संवेदनशील र गैरसंवेदनशील निर्वाचन सामग्री उत्पादन र पठाउनुका साथै आवश्यक कर्मचारीलाई खटाउने र तालिम दिनु आवश्यक हुन्छ । विश्वका विभिन्न ठाउँमा मतदान हुँदा मतदान प्रक्रियाको सुरक्षा र निष्ठा कायम राख्न ठूलो चुनौती र जोखिम आउँछ । यसले मतदाता दर्ता, मतदान र गणनाको चरणमा सुरक्षासम्बन्धी कठिनाइ निम्त्याउन सक्छ ।

यदि हामीले मतदानमा पोस्टल प्रणाली प्रयोग गऱ्यौं भने ढिलाइ र हराउने जोखिम हुन्छ भने ई–भोटिङमा जाने हो भने प्रविधिमा ठूलो फड्को मार्नुपर्ने हुन्छ । अझ यसमा साइबर सुरक्षाको समस्या पनि छ । आर्थिक चुनौती पनि उत्तिकै छ । यो प्रक्रियामा दर्ता, मतपत्र पठाउने, निर्वाचन अवलोकन गरेदेखि अरू व्यवस्थापनका लागि अर्बौं खर्च लाग्छ ।

अहिलेकै परिपाटीमा नेपालले त्यो धान्न मुस्किल छ । त्यसैगरी, गोपनीयता कसरी राख्ने भन्ने अर्को महत्त्वपूर्ण पाटो छ । झट्ट सुन्दा अत्यन्तै लोकप्रिय लाग्ने यो नयाँ प्रयोग निर्वाचन आउन १ सय ५० दिनभन्दा कम समय रहँदा बहस सुरु गर्नु भनेको फलामको चिउरा चपाउनुसरह हो । विदेशमा रहेका नेपालीको मताधिकारको सवाल नेपालको लोकतन्त्रका लागि अवसर भने पक्कै हो ।

अन्तरिम सरकारले यसबारे गहन अध्ययन गरेर अर्को निर्वाचनमा एउटा पाइलट परियोजनामार्फत क्रमिक रूपमा लागू गर्दा लोकतन्त्रका लागि यो एउटा राम्रो सुरूवात हुन सक्छ । मतदानको निष्ठा, पारदर्शिता र सुरक्षामा जोखिम नआओस् भनेर यसलाई चरणबद्ध रूपमा लागू गर्नु उपयुक्त होला । - *कान्तिपुर*

# रूपान्तरित हुन किन जरूरी छ कांग्रेस ?

**निर्मला क्षेत्री**

नेपाल अहिले पुनः एउटा निर्णायक मोडमा उभिएको छ, जहाँ लोकतन्त्रको भविष्य, जनविश्वास र राष्ट्रिय स्थायित्व एकैसाथ कठोर परीक्षामा छन्। दशकौँ लामो संघर्ष, बलिदान र राजनीतिक संक्रमणपछि प्राप्त लोकतन्त्र अहिले व्यवहारगत असफलता, सत्ता-संघर्ष र नैतिक संकटको दलदलमा फसेको छ। संविधानले नागरिक अधिकार सुनिश्चित गरेको भए पनि शासनको चरित्रले जनतालाई निराश तुल्याएको छ। दलगत प्रतिस्पर्धा, गुटगत द्वन्द्व र स्वार्थकेन्द्रित सत्ता खेलले लोकतान्त्रिक मूल्यहरूको आधार ध्वस्त पारेको छ।

यस्तो सन्दर्भमा नेपाली कांग्रेस पुनः राष्ट्रिय दिशा निर्धारणको केन्द्रमा आइपुगेको छ। कांग्रेस केवल ऐतिहासिक दल होइन, यो नेपालको स्वतन्त्रता, लोकतन्त्र र नागरिक अधिकारको आत्मा पनि हो। तर, इतिहासको गौरवले मात्र भविष्य सुरक्षित गर्न सकिँदैन। आज कांग्रेसको प्रमुख चुनौती भनेकै जनताको भरोसा पुनः आर्जन गर्नु, शासनलाई परिणाममुखी बनाउनु र राज्य सञ्चालनमा जनभावनालाई प्रतिबिम्बित गर्नु हो।

नेपालको राजनीति अहिले दिशाहीन र मूल्यविहीन बन्दै गएको छ। विचारभन्दा बढी सत्ताको गणितले दलहरूलाई बाँधेको छ। गठबन्धनको राजनीति अब आदर्श र नीति होइन, पद र शक्ति बाँडफाँटको गणनामा सीमित हुँदै गएको छ। बेरोजगारी, युवा पलायन, महँगी, आर्थिक असमानता र भ्रष्टाचारले जनजीवन संकटग्रस्त बनेको छ। यस्ता समस्याले केवल आर्थिक असन्तुलन होइन, राजनीतिक निराशा पनि बढाएको छ।

विभिन्न अध्ययनले देखाउँछ, युवा पुस्ताको ठुलो हिस्सा अब दलबाट टाढिँदै गएको छ। उनीहरू भाषण होइन, परिणाम खोज्छन्। उनीहरू पारदर्शिता, दक्षता र डिजिटल जवाफदेहिता चाहन्छन्। त्यसैले कांग्रेसले अब पुरानो आन्दोलनकारी छविमा मात्र सीमित नरही नयाँ पुस्ताको आकांक्षा, प्रविधिमैत्री सोचसँग सन्तुलन कायम गर्दै व्यावहारिक सुधारको बाटो रोज्नुपर्छ।

लोकतन्त्र केवल प्रणाली होइन, यो व्यवहार र संस्कार पनि हो। त्यसैले कांग्रेसले आज आफ्नो ऐतिहासिक मूल्यलाई व्यावहारिक शासनमा रूपान्तरण गर्न जरूरी छ। सिद्धान्तमा स्थिरता र कार्यशैलीमा नवीनताविना जनताको मन जित्न सकिन्न। नेपालको लोकतान्त्रिक इतिहास संघर्ष, सहनशीलता र आदर्शको इतिहास हो। तर, पछिल्ला वर्षमा लोकतन्त्रको नैतिक बल कमजोर हुँदै गएको छ। सत्ता-समीकरणले जनभावनालाई पछाडि पार्दै आएको छ। यसले लोकतन्त्रमा जनविश्वास घटाएको छ र लोकतन्त्र स्वयं 'विश्वासको संकट'मा फसेको छ।

यस्तो वेला पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वको वर्तमान सरकार नेपालको राजनीतिक इतिहासमा नैतिकता र पारदर्शिताको प्रतीक प्रयोग बनेको छ। दलहरू सत्ता-संघर्षमा डुबिरहेका वेला वर्तमान सरकारले सत्यनिष्ठा र उत्तरदायित्वको सन्देश दिएको छ। आज पनि त्यो सन्देश उत्तिकै सान्दर्भिक छ, लोकतन्त्रको शक्ति बहुमतमा होइन, विश्वास र संयममा हुन्छ।

कांग्रेसले यही मूल्य आत्मसात् गर्दै शक्ति-साझेदारी होइन, नीति-साझेदारीको संस्कृति विकास गर्नुपर्छ। स्थायित्वको बाटो सत्ताको बाँडफाँडमा होइन, सुशासन र सहकार्यमा खोज्नुपर्छ। बिपी कोइरालाले भनेका थिए, 'लोकतन्त्रको विकल्प लोकतन्त्र नै हो।' यो वाक्य आज पनि नेपालको राजनीतिक चेतनाको केन्द्रमा छ। जनता लोकतन्त्रका हर्ताकर्ता गलत क्रियाकलापबाट निराश हुन सक्छन्, तर लोकतन्त्रकै विकल्प खोज्न तयार हुनेछैनन्। समस्या लोकतन्त्रमा होइन, लोकतन्त्रको अभ्यासमा छ।

नेपालको लोकतन्त्र अहिले अधोगतिको सामना गर्दै छ। ढिलासुस्ती, भ्रष्टाचार, असमानता र नीतिगत अन्योलले यसको आत्मा कमजोर बनाएको छ। यसको समाधान अधिनायकवाद होइन, उत्तरदायी र परिणाममुखी लोकतन्त्र नै हो। लोकतन्त्रलाई बलियो बनाउने बाटो जनतासँगको प्रत्यक्ष उत्तरदायित्व र परिणाम आधारित शासन हो। कांग्रेसले यही बाटो रोज्नुपर्छ, जहाँ नागरिकले राज्यको सेवा, न्याय र अवसर प्रत्यक्ष महसुस गर्न सकून्।

कांग्रेसले अब खुलेर आत्मसमीक्षा गर्नैपर्छ। पार्टीभित्रको गुटबन्दी, निष्क्रियता र नेतृत्व-एकाधिकारले संगठनलाई कमजोर बनाएको छ। यही कारणले जनताको भरोसा घट्दै गएको हो। अबको आवश्यकता हो, आन्तरिक लोकतन्त्र मजबुत बनाउने अभियान र संगठनात्मक पुनर्जागरण। कांग्रेसले अब आफू जनतासित जोडिन युवा, महिला र नीति-केन्द्रित कार्यकर्तालाई नेतृत्व तहमा ल्याउनुपर्छ। नयाँ पुस्ता कांग्रेसको शक्ति मात्र होइन, भविष्य पनि हो। कांग्रेस नयाँ विचार, नयाँ ऊर्जासँग एकाकार हुन सकेन भने लोकतन्त्रप्रतिको विश्वास पुनः जगाउन कठिन हुनेछ। जनताको मन जित्ने बाटो अब भावनात्मक नारामा होइन, व्यावहारिक सुधार र सेवामुखी नतिजामा छ। कांग्रेसले विगतको गौरव होइन, भविष्यको परिणाम प्रस्तुत गर्नुपर्छ। जनताको अपेक्षा स्पष्ट छ, सफा राजनीति, पारदर्शी शासन र नतिजा दिने नेतृत्व। कांग्रेसले अबका दिन आफूलाई यसमा खरो रूपमा प्रस्तुत गर्न सक्नुपर्छ।

**कांग्रेसका तीन आत्मजागरणका स्तम्भ**

**१. नीति स्पष्टता र वैकल्पिक शासन दृष्टि**

कांग्रेसले अर्थतन्त्र, शिक्षा, स्वास्थ्य, रोजगारी र सुशासनमा ठोस नीति प्रस्तुत गर्नुपर्छ। केवल विरोध होइन, वैकल्पिक शासन मोडेल प्रस्ताव गर्नुपर्छ। नीति स्पष्ट नभएसम्म जनविश्वास फर्किँदैन। कांग्रेसले निजी क्षेत्रसँग सहकार्य, उत्पादनमुखी अर्थतन्त्र र रोजगारी-केन्द्रित नीति अघि बढाउनुपर्छ।

**२. नैतिक पुनर्जागरण र शुद्ध राजनीतिक संस्कार**

गुटबन्दी, व्यक्तिगत स्वार्थ र राजनीतिक व्यापार अन्त्य गर्नुपर्छ। कांग्रेसले नैतिक राजनीतिलाई आन्दोलनका रूपमा अघि बढाउनुपर्छ, जहाँ पारदर्शिता, जवाफदेहिता र शुद्ध आचरण पार्टीको मूल मूल्य बन्न सकोस्। राजनीतिक शुद्धता नै जनविश्वासको पहिलो सर्त हो।

**३. परिणाममुखी शासन र नागरिक अनुभवको सुधार**

जनतालाई प्रत्यक्ष सुधार महसुस गराउने शासन प्रणाली, रोजगारी सिर्जना, स्थानीय सेवा सुधार, भ्रष्टाचार नियन्त्रण र न्यायिक पारदर्शितालगायत विषय कांग्रेस नीतिको केन्द्रमा रहनुपर्छ। परिणामको राजनीति नै जनताको मन जित्ने बाटो हो।

विश्व राजनीति अहिले पुनः ध्रुवीकरणको दिशामा छ। अमेरिका-चीन प्रतिस्पर्धा, भारतको क्षेत्रीय प्रभाव र रूस-युक्रेन युद्धले शक्ति सन्तुलन फेरिँदै छ। यस्तो अवस्थामा नेपालजस्तो भूराजनीतिक रूपमा अत्यन्त संवेदनशील देशले सन्तुलन, स्वाभिमान र व्यावहारिक कूटनीति अपनाउनुपर्छ।

नेपालले आफ्नो शासन प्रणालीलाई तीन आधारमा उभ्याउनुपर्छ, १. संविधानको आत्मा व्यवहारमा उतार्ने राजनीतिक संस्कार। संविधान केवल कानुनी दस्तावेज होइन, नैतिक प्रतिबद्धता हो। दलहरूले यसको भावनाअनुसार शासन गर्नुपर्छ। २. संवैधानिक निकायको स्वतन्त्रता र शक्ति सन्तुलनको सम्मान, न्यायपालिका, निर्वाचन आयोग, अख्तियार र अन्य संवैधानिक संस्थाहरूलाई राजनीतिक हस्तक्षेपबाट मुक्त राख्नुपर्छ। ३. राष्ट्रिय हित-केन्द्रित परराष्ट्र नीति, नेपालले भारत, चीन, अमेरिका वा अन्य शक्तिप्रति झुकाव होइन, समान दूरी र पारस्परिक हितमा आधारित नीति अपनाउनुपर्छ। नेपालको सर्वोच्च प्राथमिकता सधैँ आफ्नो स्वाभिमान र आर्थिक स्थायित्व हुनुपर्छ। कांग्रेसले यी सिद्धान्तलाई नीतिगत तहमा स्पष्ट रूपले स्थापित गर्न सके नेपालको परराष्ट्र नीति सन्तुलित र दीर्घकालीन दिशामा अगाडि बढ्नेछ।

२१औँ शताब्दीको लोकतन्त्र केवल मतदान र पार्टीगत सदस्यतामा सीमित छैन। आजका नागरिक विशेषगरी युवा पुस्ता नीति निर्माण र निर्णय प्रक्रियामा प्रत्यक्ष सहभागिता चाहन्छन्। त्यसैले कांग्रेसले डिजिटल लोकतन्त्रको अभ्यास सुरु गर्नुपर्छ, जहाँ नागरिकले नीति सुझाव, जनमत संकलन र निर्णय प्रक्रियामा प्रत्यक्ष योगदान दिन सकून्।

> कांग्रेसले अब खुलेर आत्मसमीक्षा गर्नैपर्छ। पार्टीभित्रको गुटबन्दी, निष्क्रियता र नेतृत्व-एकाधिकारले संगठनलाई कमजोर बनाएको छ। यही कारणले जनताको भरोसा घट्दै गएको हो। अबको आवश्यकता हो, आन्तरिक लोकतन्त्र मजबुत बनाउने अभियान र संगठनात्मक पुनर्जागरण।

युवा र महिलालाई नेतृत्व तहमा ल्याउनु केवल समावेशिता मात्र होइन, कांग्रेसको भविष्यको सुनिश्चितता पनि हो। कांग्रेसले यदि नयाँ पुस्ताको सोच, प्रविधि र नीतिगत दृष्टि आत्मसात् गर्न सक्यो भने त्यो लोकतन्त्रलाई डिजिटल युगसँग जोड्ने ऐतिहासिक कदम हुनेछ। डिजिटल लोकतन्त्रको अभ्यासले पारदर्शिता र जवाफदेहिता मात्र होइन, जनसहभागिताको नयाँ संस्कार पनि जन्माउनेछ। यसले लोकतन्त्रलाई पुस्तान्तरको भाषा र प्रविधिको गतिसँग जोड्नेछ।

नेपाल अहिले संकट र सम्भावनाको दोबाटोमा छ। राजनीतिक अविश्वास, आर्थिक कठिनाइ र सामाजिक असन्तुलनबिच पनि जनताको लोकतन्त्रप्रतिको आस्था अझै मरेको छैन। यही आस्थालाई जीवन्त राख्नु कांग्रेसको ऐतिहासिक दायित्व हो। लोकतन्त्रको रक्षा, सुशासनको अभ्यास र राष्ट्रिय हितमा आधारित नीति निर्माण, यी तीन स्तम्भ कांग्रेसको नयाँ पहिचान बन्न सक्छन्। कांग्रेसले यदि आत्मसुधार, पारदर्शी नेतृत्व र परिणाममुखी शासनको अभ्यास गर्न सक्यो भने यसबाट केवल पार्टीको पुनर्जागरण होइन, नेपालको लोकतन्त्रको नयाँ युगको सुरुवात हुनेछ।

कांग्रेसको इतिहास नेपालकै लोकतन्त्रको इतिहास हो। त्यसैले अहिलेको चुनौती विगतका उपलब्धि जोगाउनु मात्र होइन, नयाँ पुस्तामा लोकतन्त्रप्रतिको विश्वास पुनः जगाउनु पनि हो। लोकतन्त्र केवल शासन प्रणाली होइन, यो जनविश्वास, नैतिकता र उत्तरदायित्वको साझा मूल्य हो।

नेपाललाई अहिले भाषण होइन, परिणाम चाहिएको छ र त्यो परिणाम दिने शक्ति अझै कांग्रेसमै छ, यदि पार्टीले आत्मजागरण, सुधार र साहसिक निर्णयको बाटो रोज्न सक्यो भने। कांग्रेसको आत्मजागरण केवल पार्टीको पुनर्जीवन होइन, नेपालको लोकतान्त्रिक पुनर्जागरणको पूर्वसर्त पनि हो।

जनताको आशा पुनर्जगाउनु, शासनलाई नैतिक बल दिनु र लोकतन्त्रलाई व्यवहारमा उतार्नु, यही कांग्रेसको ऐतिहासिक जिम्मेवारी हो। विगतको गौरवलाई भविष्यको उपलब्धिमा रूपान्तरण गर्ने समय अब यही हो। *-नयाँ पत्रिका*




# राष्ट्रिय गौरवका सडक आयोजनाको प्रगति ५८ प्रतिशत मात्रै

काठमाडौं । राष्ट्रिय गौरवका सडक परियोजनाको औसत भौतिक प्रगति ५८ प्रतिशत पुगेको छ । गत आर्थिक वर्ष ०८१/८२ सम्म राष्ट्रिय गौरवका पाँच सडक परियोजनाको औसत भौतिक प्रगति ५७.९७ प्रतिशत पुगेको हो । सडक विभागको तथ्यांकअनुसार उक्त परियोजनाहरूको औसत वित्तीय प्रगति भने ५४.६ प्रतिशत पुगेको छ । राष्ट्रिय गौरवका सडक आयोजनातर्फ मध्यपहाडी लोकमार्ग, हुलाकी राजमार्ग, कालीगण्डकी लोकमार्ग (बेनी-कोरोला), कालीगण्डकी लोकमार्ग (गैँडाकोट-मालढुंगा खण्ड), कर्णाली करिडोर (हिल्सा-सिमिकोट), कर्णाली करिडोर (खुलालु-सल्लिसल्ला) र कोशी करिडोर रहेका छन् । यी आयोजनाहरूको कुल लागत अनुमान दुई खर्ब ४४ अर्ब ७९ करोड ६६ लाख रूपैयाँ रहेको छ । हालसम्म एक खर्ब ७३ अर्ब नौ करोड २६ लाख रूपैयाँ खर्च भइसकेको छ ।

०६४/६५ मा निर्माण सुरू गरिएको यस आयोजनाको हालसम्मको भौतिक प्रगति ८१.७३ र वित्तीय प्रगति ८४.३१ प्रतिशत पुगेको छ । कुल लम्बाइ १८ सय ७९ किलोमिटर रहेको यस सडक आयोजनाको लागत अनुमान ८४ अर्ब ३३ करोड छ । त्यसमा हालसम्म ७१ अर्ब नौ करोड ८१ लाख रूपैयाँ खर्च भएको छ । यो परियोजनाको निर्माण ०८४/८५ सम्म सम्पन्न गर्ने लक्ष्य छ । हालसम्म यसमा १५ सय १०.८६ किमि सडक कालोपत्रे भएको छ । २६१.१४ किमि सडकमा कालोपत्रे गर्ने काम अघि बढेको छ । एक सय सात किमि सडक कालोपत्रे गर्न ठेक्का लाग्न बाँकी छ ।

परियोजनामा एक सय ३७ वटा पुल बनाउनुपर्नेमा हालसम्म एक सय ११ वटा पुल निर्माण भएका छन् । २४ वटा पुल निर्माणाधीन अवस्थामा छन् ।

०६६/६७ बाट निर्माण सुरू गरिएको हुलाकी राजमार्गको असारसम्मको भौतिक प्रगति ७२.७५ प्रतिशत र वित्तीय प्रगति ६८.९६ प्रतिशत पुगेको छ । यस आयोजनाको कुल लम्बाइ १८ सय ५७ किलोमिटर हुनेछ । त्यसको लागत अनुमान भने एक खर्ब एक अर्ब ६३ करोड छ । ०८३/८४ सम्म निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको परियोजनाको असारसम्म ७० अर्ब २८ करोड ६३ लाख रूपैयाँ खर्च भएको छ ।

हालसम्म यसका १३ सय ५१ किमि सडक कालोपत्रे भइसकेको छ । दुई सय ४४ किमि सडक कालोपत्रेको प्रक्रियामा छन् । दुई सय २८ किमि सडक कालोपत्रे गर्न ठेक्का आह्वान हुन बाँकी छ । यस सडक परियोजनाअन्तर्गत तीन सयवटा पुल बनाउनुपर्छ । त्यसमा हालसम्म एक सय ५१ वटा पुल बनिसकेका छन् । ५९ वटा पुल निर्माणका चरणमा छन् भने ८९ वटा पुलको ठेक्का लाग्न बाँकी छ ।

आव ०६५/६६ मा निर्माण सुरू गरिएको यस आयोजनाको हालसम्मको भौतिक प्रगति ४५ प्रतिशत मात्रै छ । वित्तीय प्रगति भने ४१.२५ प्रतिशत पुगेको तथ्यांकमा उल्लेख छ । यस परियोजनाको लागत अनुमान १६ अर्ब २० करोड लगानी अनुमान गरिएको छ । त्यसमा असारसम्म ६ अर्ब ६८ करोड २० लाख रूपैयाँ खर्च गरिएको छ । यो परियोजनाको निर्माण ०८५/८६ मा सम्पन्न गर्ने लक्ष्य लिइएको छ । कुल लम्बाइ एक सय ६२ किमि रहेको यो सडकको हालसम्म ट्र्याक खुलिसकेको छ । यसैगरी हालसम्म १५ किमि मात्रै सडक कालोपत्रे भएको छ । परियोजनामा २४ वटा पुल बनाउनुपर्नेछ । त्यसमा हालसम्म १० पुल बनेका छन् । एउटा निर्माणको चरणमा छ ।

०६६/६७ बाट सुरू गरिएको कालीगण्डकी करिडोरअन्तर्गत पर्ने यस आयोजनाको हालसम्मको भौतिक प्रगति ७९.८६ प्रतिशत र वित्तीय प्रगति ७०.३५ प्रतिशत पुगेको छ । २० अर्ब संशोधित लागत रहेको यस परियोजनामा हालसम्म १४ अर्ब सात करोड खर्च भएको छ । आव ०८३/८४ मा यसको निर्माण सम्पन्न गर्ने लक्ष्य लिएको छ । यस सडकको लम्बाइ एक सय ९३ किमि रहेको छ, हालसम्म ट्र्याक खुलिसकेको छ । त्यसमा हालसम्म दुई सय ३४ किमि सडक कालोपत्रे भइसकेको छ । ५३.५ किमि सडक कालोपत्रेको चरणमा छ । ५.५ किमि सडक कालोपत्रे गर्न ठेक्का लाग्न बाँकी छ । यसअन्तर्गत ५९ पुल बन्नुपर्नेछ । त्यसमा हालसम्म ३६ वटा पुल बनिसकेका छन् । ६ वटा पुल निर्माणको चरणमा छन ।

मालढुंगा-कोरोलाको ८५ प्रतिशत

कालीगण्डकी करिडोरअन्तर्गत पर्ने यस आयोजनाको निर्माण ०७३/७४ बाट सुरू गरिएको थियो । हालसम्मको यसको भौतिक प्रगति ८५ प्रतिशत र वित्तीय प्रगति ८१.६ प्रतिशत पुगेको छ । १० अर्ब ५७ करोड लगानी अनुमान गरिएको आयोजनाको हालसम्म आठ अर्ब २० करोड १५ लाख रूपैयाँ खर्च भइसकेको छ । चालू आव ०८२/८३ मै यसको निर्माण सम्पन्न गर्ने लक्ष्य छ । यसअन्तर्गत दुई सय दुई किमि सडक निर्माण गर्नुपर्नेछ, हालसम्म यसको ट्र्याक खुलिसकेको छ । त्यसमा ८१ किमि सडक कालोपत्रे भइसकेको छ । यसैगरी २३ किमि सडक भने कालोपत्रेको चरणमा छ । ९८ किमि सडक कालोपत्रे गर्नका लागि ठेक्का लाग्न बाँकी छ । परियोजनामा २६ वटा पुल बन्नुपर्नेछ । हालसम्म १५ पुल बनेका छन् । तीबाहेक ६ पुल निर्माणको चरणमा छन् ।

कर्णाली करिडोरको दुई सय ६९ किलोमिटर लम्बाइ रहेको आयोजनाको निर्माण ०६९/७० मा सुरू गरिएको थियो । हालसम्म यसको भौतिक प्रगति ३६ प्रतिशत र वित्तीय प्रगति ३०.६१ प्रतिशत पुगेको छ । कुल ६ अर्ब ६६ करोड लगानी अनुमान गरिएको आयोजनाको हालसम्म दुई अर्ब तीन करोड ९५ लाख रूपैयाँ खर्च भएको छ । यद्यपि, सम्पूर्ण सडक कालोपत्रे गर्दा यसको लागत १५ अर्ब पुग्ने अनुमान गरिएको छ । यो परियोजनाको निर्माण ०८४/८५ मा सक्ने लक्ष्य लिइएको छ ।

यस परियोजनाअन्तर्गत एक सय ४६ किमि सडक बनाउनुपर्नेछ । त्यसमा सबै ट्र्याक खुलिसकेको छ । हालसम्म ३८ किमि सडक ग्राभेल गरिएको छ भने ८६ किमि सडक ग्राभेलको चरणमा छ । २२ किमि सडक ग्राभेल गर्न भने ठेक्का लाग्न बाँकी छ । परियोजनामा १० वटा पुल बनाउनुपर्नेछ । त्यसमा हालसम्म तीनवटा पुल बनिसकेका छन् भने चारवटा पुल निर्माणका चरणमा छन् ।

कर्णाली करिडोरमा पर्ने यस परियोजनाको निर्माणकार्य ०८०/८१ बाट सुरू भएको छ । यसको निर्माणकार्य ०८४/८५ मा सम्पन्न गर्ने लक्ष्य छ । यसको लागत अनुमान १२ अर्ब रहेको छ । सम्पूर्ण सडक कालोपत्रे गर्दा यसको लागत १५ अर्ब पुग्ने अनुमान गरिएको छ । हालसम्म यसको खर्च भने ७१ करोड ८२ लाख रूपैयाँ रहेको छ । हालसम्म यसको भौतिक प्रगति ५.५ प्रतिशत र वित्तीय प्रगति ५.१३ प्रतिशत छ । यसअन्तर्गत एक सय २३ किमि सडक बनाउनुपर्नेछ, त्यसको ट्र्याक खुलिसकेको छ । हालसम्म सडक कालोपत्रे भने भएको छैन ।

# जेनजी आन्दोलनका **सहिद परिवारलाई रोजगारी दिने** चौधरी ग्रुपको घोषणा

काठमाडौं । व्यापारिक घराना चौधरी ग्रुप (सिजी)ले जेन-जी आन्दोलनमा सहिद भएका परिवारलाई रोजगारी दिने घोषणा गरेको छ । सिजी ग्रुपका प्रबन्ध निर्देशक निर्वाण चौधरीले बुधबार सामाजिक सञ्जालमार्फत प्रत्येक सहिद परिवारका एक सदस्यलाई रोजगारी प्रदान गर्ने घोषणा गरेका हुन् ।

२३ र २४ भदौमा देशभर भएको आन्दोलनका क्रममा ७६ जनाको मृत्यु पुष्टि भइसकेको छ । आन्दोलनपछि गठित अन्तरिम सरकारले मृत्यु भएका सबैलाई सहिद घोषणा गरिसकेको छ । चौधरी ग्रूपले सबै जेन-जी आन्दोलनका सबै सहिद परिवारका एक सदस्यलाई रोजगारी दिने भएको हो ।

जेन-जी आन्दोलनका क्रममा अराजक भिडले सरकारी संरचनाका साथै निजी उद्योग-व्यवसायमा तोडफोड, लुटपाट र आगजनी गरेका थिए । सोही क्रममा चौधरी ग्रुपको सतुंगलस्थित सिजी डिजिटल पार्क, ग्रुपका अध्यक्ष विनोद चौधरीको निजी आवास, सोरूमलगायतमा समेत आक्रमण भएको थियो । अर्बौंको क्षति व्यहोरेको चौधरी ग्रुपले आफ्नो पीडालाई बिर्सिंदै सहिद परिवारको पीडामा मलम लगाउने प्रयास गरेको छ ।

ग्रुपका प्रबन्ध निर्देशक चौधरीले आफूहरूको निजी निवास, कार्यालय, सोरूम र कारखानामा ठुलो क्षति भएको र यो विध्वंशले गहिरो पीडा दिए पनि सहिद परिवारलाई रोजगारी दिनु ग्रुपको कर्तव्य भएको उल्लेख गरेका छन् । 'यो पीडादायी घडीमा पनि हामी दृढ आत्मविश्वासका साथ पुनर्निर्माणको यात्रामा अघि बढेका छौँ,' उनले भने, 'सहिद परिवारलाई रोजगारी दिने आफूहरूको वाचा मात्र नभई कर्तव्य र श्रद्धा पनि हो ।'

चौधरीका अनुसार सिजीको टिमले सम्पूर्ण सहिद परिवारलाई सम्पर्क गरिरहेको छ । साथै सम्पर्कमा आउन नसकेकाहरूलाई भने चौधरी ग्रुपको कर्पोरेट कम्युनिकेसन विभागमा सम्पर्क गराउन पनि चौधरीले सार्वजनिक अनुरोध गरेका छन् । यता, कम्युनिकेसन विभाग प्रमुख मधुसुदन पौड्यालले सहिद परिवारलाई रोजगारीका लागि उनीहरूको योग्यता र रूचिअनुसार छनोट गरिने बताए । 'अहिले सहिद परिवारको योग्यता र रूचि के छ हामीलाई थाहा छैन,' पौड्यालले भने, 'उहाँहरू कोही टेक्निकल फिल्डको हुनुहोला, कोही इन्जिनियरिङ फिल्डको हुनुहोला । कोही हाइलेभल वा कोही सामान्य क्षेत्रको पनि हुनुहोला । जो जुन क्षेत्रमा योग्य हुनुहुन्छ र रूचि छ सोही क्षेत्रमा रोजगारी प्रदान गरिनेछ ।' साथै, विशेष योग्यता नभएको सहिद परिवार भए पनि सोही प्रकृतिको रोजगारी सिर्जना गरिने पौड्यालको भनाइ छ ।

प्रबन्ध निर्देशक चौधरीले सामाजिक सञ्जालमा गरेको घोषणालगत्तै केही सहिद परिवार रोजगारीका लागि सम्पर्कमा आइसकेको उनले बताए । कम्पनीले आधिकारिक सूचना प्रकाशित गरी रोजगारीसम्बन्धी थप प्रस्ट्याउने पौड्यालले जानकारी दिए ।

आन्दोलनका क्रममा सिजीको सतुंगलस्थित डिजिटल पार्कमा तोडफोड एवं आगजनी भएको थियो । एक हजारभन्दा बढी कर्मचारी कार्यरत रहेकामा कसैको पनि रोजगारी प्रभावित नभएको पौड्यालले जानकारी दिए । 'प्रदर्शनका क्रममा सिजी प्रभावित भएको हो । आगजनीले अफिस पनि छैन । तर, एक हजारभन्दा बढी कर्मचारी रहेकामा कसैको पनि रोजगारी प्रभावित भएको छैन, हुन पनि दिन्नौँ,' पौड्यालले भने ।

## खेलकुद

# विश्वकप छनोटमा कुवेतमाथि नेपालको सानदार जित







नेपाली राष्ट्रिय क्रिकेट टोलीले कुवेतलाई ५८ रनले हराउँदै आइसिसी टी-२० विश्वकपअन्तर्गत एसियन छनोटमा सानदार सुरूवात गरेको छ । ओमान क्रिकेट एकेडेमी १ मा बुधबार पहिलो ब्याटिङ गरेको नेपालले २० ओभरमा ६ विकेट गुमाएर १४१ रनको मध्यम योगफल खडा गरेको थियो । प्रत्युत्तरमा १४२ रनको लक्ष्य पछ्याएको कुवेत १८.१ ओभरमा ८३ रनमा समेटिँदा नेपाल ५८ रनले विजयी भयो ।

लक्ष्य रक्षा गर्ने क्रममा सोमपाल कामी, नन्दन यादव, ललितनारायण राजवंशी, कुशल भुर्तेल तथा रोहितकुमार पौडेलले उत्कृष्ट बलिङ गरेका थिए । सोमपालले दुई ओभरमा ३ रन खर्चेर एक विकेट लिए। नन्दनले पनि दुई ओभरमा ११ रन दिँदै एक विकेट हात पारे । ललित राजवंशी, सन्दीप लामिछाने र रोहित पौडेलले समान दुई विकेट लिए ।

कुवेतको मध्य तथा पुछारका ब्याट्सम्यान चल्न नसक्दा नेपाली बलर हाबी भए । इनिङ्सको एक समय कुवेत ५६-४ को स्थितिमा थियो । त्यसपछि थप २७ रन जोड्दा कुवेतले बाँकी विकेट गुमाउँदा ८३ रनमा अलआउट भयो।

कमजोर सुरूवात गरेको नेपालले ओपनर कुशल भुर्तेलको अर्धशतकीय योगदान पाएको थियो । इनिङ्सको १९.५ ओभरमा आफ्नो विकेट गुमाउनुअघि भुर्तेलले ५६ बलको सामना गरी समान तीन चौका र छक्का प्रहार गरी ६६ रनको योगदान दिएका थिए । टी-२० आईमा उनको यो १२औँ अर्धशतक हो । उनले अहिलेसम्म नेपालबाट ६५ टी-२० आई खेलेका छन् । मध्यक्रमका ब्याट्सम्यानले गतिलो योगदान दिन नसक्दा नेपालको ब्याटिङ कमजोर देखिएको थियो । तल्लो क्रमका गुल्सन झाले ६ बलमा तीन छक्काको सहयोगमा २० रन जोडेपछि नेपालले कुवेतलाई मध्यम योगफल दिएको हो । भरपर्दा ब्याट्सम्यान ओपनर आसिफ शेख २, कप्तान रोहित पौडेल १६ र दीपेन्द्रसिंह ऐरीले २० रनको योगदान दिए । सन्दीप जोरा ५ र कुशल मल्ल ४ रनमा आउट भए ।

कुवेतका नवीन राजेन्द्रनले ४ ओभरमा ४० रन खर्चेर दुई विकेट लिए । अनुपदीपले पनि दुई विकेट हात पारे ।

नेपालले समूह 'बी'मा महत्वपूर्ण २ अंक जोडेको छ । अब नेपालले जापानविरूद्ध शुक्रबार अन्तिम खेल खेल्नेछ । यस खेलमा जित निकाल्दा समूह विजेताका रूपमा नेपाल सुपर सिक्समा पुग्नेछ ।

# महिला टोलीले पनि जित्यो मलेसियाविरुद्धको सिरिज

नेपाली महिला राष्ट्रिय क्रिकेट टोलीले मलेसियाविरूद्धको टी-२० अन्तर्राष्ट्रिय सिरिज ३-२ ले हात पारेको छ । क्वालालम्पुरस्थित बायोमास क्रिकेट ओभलमा बुधबार अन्तिम खेल भएको थियो। यसअघि नेपाल र मलेसियाले सिरिजमा समान दुई खेल जितेका थिए । पाँचौं खेलमा विजयी हुने टोली सिरिजको विजेता बन्ने थियो । बायोमास मैदानमा भएको निर्णायक खेलमा नेपालले मलेसियालाई पाँच विकेटले हरायो ।

टस जितेर ब्याटिङ गरेको मलेसियाले २० ओभरमा सात विकेट गुमाउँदै १०३ रनको योगफल बनाएको थियो । प्रत्युत्तरमा नेपालले १८ ओभरमा पाँच विकेट गुमाएर १०४ रन जोड्दै सिरिजमाथि कब्जा जमाएको हो । अन्तिम खेलमा पनि नेपाली खेलाडीले बलिङ र फिल्डिङमा कमजोर प्रदर्शन गरेका थिए ।

मलेसियन भूमिमा नेपाली टोली ब्याक टु ब्याक सिरिज जित्न सफल भयो । यसअघि पाँच खेलको सिरिजमा मलेसियाले पहिलो खेलमा नेपालमाथि ३ रनको रोमाञ्चक जित निकालेको थियो । दोस्रो खेलमा नेपालले मलेसियालाई ६ विकेटले हरायो। तेस्रो खेलमा मलेसिया १३ रनले विजयी भयो । चौथो खेल ६ विकेटले जित्दै नेपाल सिरिज २-२ को बराबरी गर्न सफल भयो ।

निर्णायक खेलमा नेपालकी बलर राजमती ऐरीले घातक बलिङ गरेकी थिइन् । उनले १५ रन खर्चेर मलेसियाका तीन खेलाडीलाई आउट गरिन् । यसै प्रदर्शनका कारण उनी खेलकै म्यान अफ दी म्याच भइन् ।

नेपालले १०४ रनको लक्ष्य पछ्याउँदा शीर्ष तथा मध्यक्रमका ब्याट्सम्यानले सन्तुलित प्रदर्शन गरेका थिए । स्कोर बोर्डमा धेरै योगदान नगरे पनि उनीहरूले आवश्यक रन भने बटुलेका थिए । सम्झना खड्का र रूवि पोद्दारले २.३ ओभरमा १६ रनको साझेदारी गरे । सम्झनाले १० बलमा एक चौका प्रहार गरी १३ रन बनाइन् । त्यसपछि रूवि र कविता कुँवरबिच दोस्रो विकेटका लागि ३८ रनको महत्वपूर्ण साझेदारी भयो । कविताले १९ बलमा १४ रन जोडिन् । उनले २४ बलमा एक चौकाको सहयोगमा २३ रनको योगदान दिइन् । रूविनाले १५ रनको नटआउट इनिङ्स खेलिन् ।

पहिलो ब्याटिङ गरेको मलेसियाले स्कोर बोर्डमा ठुलो योगफल बनाउन सकेन् । विशेषगरी कविता कुँवर र राजमतीले घातक बलिङ गर्दा मलेसियाले निरन्तर विकेट गुमायो । कविताले चार ओभरमा १३ रन खर्चंदै तीन विकेट लिइन् । रचना चौधरीले एक विकेट आफ्नो नाममा लेखाइन् । मलेसियाले पहिलो विकेटका लागि गतिलो साझेदारी पाएको थियो । अना हमिजा र विनिफ्रेडले ६.४ ओभरमा ३९ रन बनाएका थिए ।

## कर्पोरेट

## ● बाढीपहिरोबाट क्षति पुगेका सडकको पुनर्निर्माणमा १२ अर्ब लाग्ने अनुमान

यही असोज १८, १९ तथा २० गते र त्यस अगाडिको बाढीपहिरोका कारण क्षति पुगेका सडकका संरचना पुनर्निर्माणका लागि करिब १२ अर्ब ३८ करोड रूपैयाँ लाग्ने अनुमान गरिएको छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले यस वर्षको मनसुनजन्य विपतबाट क्षति पुगेका मुख्य राजमार्ग, वैकल्पिक सडक, बेलिब्रिज र स्थायी पुल पुनर्निर्माणका लागि १० अर्ब ६८ करोड रूपैयाँ लाग्ने अनुमान गरेको छ । गत वर्षको विपतबाट क्षति पुगेका संरचना पुनर्निर्माणका लागि एक अर्ब ७० करोड रूपैयाँ बाँकी छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङले बाढीपहिरोबाट क्षति पुगेर अवरूद्ध भएका सडक सञ्चालन उच्च प्राथमिकतामा राखी मातहतका निकायले काम गरिरहेको बताए । अवरूद्ध सडक सञ्चालन जतिसक्दो छिटो सञ्चालनका लागि उपकरण र जनशक्ति परिचालन गरिएको र कामको आफू एवं मन्त्रालयका तर्फबाट निमित्त अनुगमन भइरहेको मन्त्री घिसिङले उल्लेख गरे ।

यस वर्षको मनसुनजन्य विपतबाट सबैभन्दा बढी क्षति मची राजमार्गमा पुगेको छ । मेची राजमार्गको पुनर्निर्माणका लागि डेढ अर्ब रूपैयाँ लाग्ने अनुमान गरिएको छ । क्षति भएका कोशी, मध्यपहाडी, हुलाकी, अरनिको, कान्ति, नारायणघाट-मुग्लिङलगायतका राजमार्गको पुनर्निर्माणका लागि झन्डै तीन अर्ब ७७ करोड रूपैयाँ लाग्ने अनुमान छ ।

त्यस्तै, क्षति पुगेका १७ वटा स्थायी पुल पुनर्निर्माणमा चार अर्ब ५२ करोड रूपैयाँ लाग्ने अनुमान छ । क्षति पुगेका र सडक सञ्चालनका लागि राख्नुपर्ने नयाँ बेलिब्रिजका लागि ८० करोड रूपैयाँ लाग्ने अनुमान छ । वैकल्पिक सडक पुनर्निर्माणका लागि एक अर्ब ५९ करोड रूपैयाँ लाग्ने अनुमान गरिएको छ ।

## ● सूर्यज्योति लाइफद्वारा 'भौतिक पूर्वाधार पुनर्निर्माण कोष'मा डेढ करोड सहयोग

सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनीले नेपाल सरकारले स्थापना गरेको 'भौतिक पूर्वाधार पुनर्निर्माण कोष'मा एक करोड ५० लाख रूपैयाँ सहयोग गरेको छ । जेन-जी आन्दोलनको क्रममा क्षति भएको सार्वजनिक तथा सरकारी भौतिक संरचनाको पुनर्निर्माण, आर्थिक पुनरूत्थान र राहतलगायतका कार्यका लागि कम्पनीका सञ्चालक चूडामणि देवकोटा तथा प्रमुख कार्यकारी अधिकृत प्रकाशविक्रम खत्रीले अर्थमन्त्रीसमक्ष सो रकमबराबरको चेक हस्तान्तरण गरेका हुन् । कम्पनीले विगतमा समेत विशेष गरी शिक्षा र स्वास्थ्यको क्षेत्रमा संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत विविध प्रकारको सहयोग गर्दै आइरहेको थियो ।

सरकारले स्थापना गरेको उक्त कोषमा कम्पनीबाट भएको सहयोगले क्षति भएको भौतिक संरचनाको पुनर्निर्माण, आर्थिक पुनरुत्थान र राहतलगायतका कार्यका निम्ति सहयोग पुग्ने कम्पनीको विश्वास छ । यस प्रकारका अभियानमा सूर्यज्योति लाइफको निरन्तर साथ रहने प्रतिबद्धता कम्पनीका प्रमुख कार्यकारी अधिकृत खत्रीले व्यक्त गरे ।

## ● सरकार निजी क्षेत्रको मनोबल बढाउन क्रियाशील : अर्थमन्त्री खनाल

अर्थमन्त्री रामेश्वर खनालले निजी क्षेत्रको मनोबल बढाउन सरकार निरन्तर प्रयत्नशील रहेको बताएका छन् । निजी क्षेत्रका प्रतिनिधिसँग सोमबार भएको भेट तथा छलफलमा उनले सरकारले पुनर्निर्माणका लागि राजस्व छुट, बैंकिङ सहुलियत र बिमामा सहजीकरणका कार्यक्रम सार्वजनिक गरेको स्मरण गराए । यसैगरी सन्दर्भ मूल्य खारेज गरी भन्सारमा अनलाइन डेटाबेस प्रणाली लागू गरिएपछि बजारमा पारदर्शी कारोबारले प्रश्रय पाउने उनको भनाइ छ ।

निजी क्षेत्रका प्रतिनिधिमूलक संस्थाका अध्यक्षहरूले सरकारको उक्त कदमको प्रशंसा गरे । निजी क्षेत्रको मागबमोजिम जडित नयाँ डेटाबेस प्रक्रियाको उपयोग गर्न तीनै संस्थाले सदस्य एवं उद्यमी-व्यवसायीलाई आग्रह गरेका छन् । असोज ९ गते अर्थमन्त्री खनालद्वारा उद्घाटन भएको उक्त प्रणालीले हरेक ६ महिनामा परिमार्जन हुने सन्दर्भपुस्तिकाका विषयमा व्यवसायीको गुनासो सम्बोधन गर्ने अपेक्षा गरिएको छ । यस विधिमा जाँचपास भएको सबै वस्तुको मूल्य विवरण संग्रह गरिनेछ । सरकारका अनुसार यो भन्सार जाँचपासमा आएका वस्तुको विश्लेषण र तुलना गर्न मिल्ने डिजिटल स्रोत हो, जसले कारोबार मूल्य पहिचान गर्न सहयोग पुग्छ ।

वर्तमान सरकारको मुख्य लक्ष्य निर्वाचन भए पनि सुधारको जग बसाल्ने अवसर पनि भएको उल्लेख गर्दै निजी क्षेत्रका प्रतिनिधिले लगानी र अन्य स्रोत आकर्षित गर्न निजी क्षेत्रको अगुवाइ वा संलग्नतामा बहुपक्षीय वित्त सम्मेलन आयोजना गरी सबै सरोकारवालालाई आश्वस्त पार्नुपर्नेमा जोड दिए ।

## ● सुदूरपश्चिमको लगानी सम्मेलन अनिश्चित

सुदूरपश्चिममा लगानी भित्र्याउने उद्देश्यले प्रदेश सरकारले गर्ने भनेको सुदूरपश्चिम प्रदेश लगानी तथा विकास सम्मेलन अनिश्चित भएको छ । सरकारले आगामी १ र २ मंसिरमा लगानी सम्मेलन गर्ने तयारी गरेको थियो । यसअघि तीनपटक सारिएको लगानी सम्मेलन जेन-जी आन्दोलनपछि उत्पन्न परिस्थितिका कारण मंसिरमा समेत नहुने देखिएको छ ।

गत २३ र २४ भदौमा भएको जेन-जी आन्दोलनका क्रममा आन्दोलनकारीले आगजनी र तोडफोड गर्दा प्रदेश सरकारका सबैजसो संरचना नै तहसनहस बनेका छन् । लगानी सम्मेलन मूल आयोजक समितिका अनुसार क्षतिग्रस्त संरचना मर्मतलगायत व्यवस्थापनका काम गरेर प्रदेश सरकारका कामकाज सुचारू गर्न नै समय लाग्ने भएकाले लगानी सम्मेलन निर्धारित मितिमा गर्न सक्ने अवस्था छैन ।

मंसिरमा लगानी सम्मेलन गर्नका लागि प्रदेश सरकारले काठमाडौंमा सरोकारवालासँग धेरैपटक छलफल र अन्तर्क्रिया गरेको थियो । लगानी सम्मेलनको तयारीकै लागि प्रदेश सरकारले नेपाल सरकारका मन्त्री, नेपालस्थित विदेशी नियोगका प्रतिनिधि, दातृ निकायलगायतको सहभागितामा गत जेठमा धनगढीमा पूर्वतयारी सम्मेलन गरिसकेको छ । प्रदेशका आर्थिक मामिलामन्त्री बहादुरसिंह थापाले अहिले उत्पन्न परिस्थितिका कारण लगानी सम्मेलन स्थगित गरिएको बताए । 'मंसिरमा लगानी सम्मेलन गर्ने भनेर तयारीका काम धेरै अगाडि बढिसकेका थिए, तर अहिलेको परिस्थितिमा हाललाई लगानी सम्मेलन स्थगित गरेका छौं,' उनले भने, 'नयाँ मितिबारे छलफल भएको छैन ।'

लगानी सम्मेलनको तयारीको नाममा प्रदेशको अस्थायी राजधानी धनगढी तथा संघीय राजधानी काठमाडौंमा भएका छलफल, अन्तर्क्रिया र गोष्ठीलगायतमा लाखौं खर्च भइसकेको छ । संघीय सरकार, लगानीकर्ता, दातृ निकायलगायत सरोकारवालासँग छलफल गर्न गत महिना मात्र प्रदेश सरकारको जम्बो टोली काठमाडौं गएको थियो ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय स्रोतका अनुसार चालू आर्थिक वर्षको हालसम्म लगानी सम्मेलनको तयारीमा करिब ३० लाख खर्च भइसकेको छ । सरकारले लगानी सम्मेलनका लागि दुई करोड रूपैयाँ विनियोजन गरेको छ ।

सरकारले लगानीमैत्री वातावरण बनाउन केही कानुन निर्माण गर्ने र प्रदेशले बनाएका केही कानुन संशोधन गर्ने तथा योजनाहरूको 'सोकेस' तयार पार्ने बताएको थियो । तर, लगानी सम्मेलनलाई लक्षित गरी योजनाहरू पहिचान गरी सोकेस तयार पार्ने, आवश्यक कानुन निर्माण तथा संशोधनको काम हुन सकेको छैन ।

प्रदेश सरकारले आवश्यक तयारी गर्न नसकेपछि लगानी सम्मेलनको मिति यसअघि तीनपटक सारेको थियो । सरकारले २३ र २४ फागुन ०८० मै लगानी सम्मेलन गर्ने घोषणा गरेको थियो । उक्त समयमा हुन सकेन । सारिएको असोज ०८१ मा पनि हुन नसकेपछि १ र २ असोज ०८२ मा सारिएको थियो । आगामी मंसिरमा लगानी सम्मेलन गर्न मुख्यमन्त्री कमलबहादुर शाहको नेतृत्वमा सम्मेलन मूल आयोजक समिति, आर्थिक मामिलामन्त्री थापाको संयोजकत्वमा कार्यकारी समिति र तत्कालीन परराष्ट्रमन्त्री आरजु राणा देउवाको संयोजकत्वमा सल्लाहकार समिति गठन गरिएको थियो । त्यस्तै, नीति तथा कानुनी सुधार उपसमिति, लगानीकर्ता पहिचान समिति, लगानीकर्ता क्षेत्र समन्वय तथा सहजीकरण उपसमिति, परियोजना पहिचान तथा विकास उपसमिति, प्रचारप्रसार उपसमिति गठन गरिएका थिए ।

मन्त्री थापाले काठमाडौंमा हालै भएको छलफलमा उद्योग-व्यवसायीले सुदूरपश्चिममा लगानी गर्न इच्छा देखाएको दाबी गरे । कृषि, ऊर्जा, जडीबुटी, उद्योगलगायत क्षेत्रमा लगानीको प्रतिबद्धता आएको थियो । 'हामीले व्यावसायिक घराना, उद्योग वाणिज्य महासंघ, चेम्बर अफ कमर्सलगायत संस्थागत र व्यक्तिगत भेटघाट गर्दा ठूलो लगानीको प्रतिबद्धता आएको थियो । व्यवसायीका रूचिअनुसार योजनाहरू अगाडि बढाउने सरकारको तयारी थियो,' उनले भने ।

## ● अक्टोबरभित्र एमसिसी १८ किमि प्रसारणलाइनको निर्माण सुरु हुने

मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी) अनुदानअन्तर्गत बन्ने चार सय केभी क्षमताको १८ किमि लामो न्यु बुटवल, नेपाल-भारत सीमापार प्रसारणलाइनको निर्माण अक्टोबर महिनाभित्र सुरु हुने भएको छ । ठेक्का प्राप्त निर्माण कम्पनी ट्रान्सरेल लाइटिङ लिमिटेडले निर्माणपूर्वका काम सम्पन्न गरेपछि यही अक्टोबरमा प्रसारणलाइनको टावरको जग राख्ने अर्थात् 'ग्राउन्ड ब्रेक थ्रु' गर्ने तयारी गरेको हो ।

उक्त प्रसारणलाइन बनाउन परियोजना कार्यान्वयन गर्ने निकाय मिलिनियम च्यालेन्ज एकाउन्ट (एमसिए) नेपाल र कम्पनीबिच १४ भदौ ०८१ मा एक करोड २३ लाख ६० हजार डलरमा ठेक्का सम्झौता भएको थियो । यही अनुदानअन्तर्गत नवलपरासी (बर्दघाट सुस्तापश्चिम)मा बन्ने चार सय केभी क्षमताको नयाँ बुटवल सबस्टेसनदेखि नेपाल-भारत सीमासम्म १८ किमि प्रसारणलाइन बनाउनुपर्नेछ । यसमा करिब ५० वटा टावर बन्दै छन् । ठेक्का सम्झौतापछि कम्पनीले परियोजनाको सर्वेक्षणलगायतका निर्माणपूर्वको काम सम्पन्न गरिसककेको छ । त्यसपछि परियोजनाको भौतिक निर्माण सुरु गर्न लागेको एक अधिकारीले बताए । 'यही अक्टोबरमा परियोजनाको ग्राउन्ड ब्रेक थ्रु गर्दै छौं । कुन दिन गर्ने भनेर मिति नै निर्क्योल भने भइसकेको छैन,' स्रोतले भन्यो, 'मौसमको अवस्था हेरेर छिट्टै निर्माणकार्य सुरू गर्छौं ।'

गत मार्चमै (फागुन-चैत) परियोजनाको निर्माणकार्य सुरु गर्ने योजना थियो । तर, अमेरिकाले गत फ्रेबुअरीदेखि जुलाईसम्म अनुदान स्थगन गऱ्यो । गत साउन दोस्रो साता मात्रै अमेरिकाले अनुदानलाई निरन्तरता दिने औपचारिक पत्र पठायो । त्यसले गर्दा गत मार्चमा परियोजनाको भौतिक निर्माणकार्य सुरू हुन सकेन । पछि अनुदान निरन्तर भएपछि बर्खाका कारण भौतिक निर्माणकार्य सुरु गर्न मिल्ने थिएन । परियोजनास्थल तराई क्षेत्र हो । यो समयमा तराईमा केही मिटर गहिरो जमिन खन्नासाथ पानी भेटिन्छ । प्रसारणलाइन निर्माणका लागि गहिरो जग खन्नुपर्छ स्रोतका अनुसार त्यस क्षेत्रको जग्गा प्राप्ति करिब भइसकेको छ । तसर्थ, निर्माणको काम निर्बाध रूपमा अघि बढिसक्ने बताइएको छ । यो प्रसारणलाइन नेपाल-भारत अन्तरदेशीय (न्यु बुटवल-गोरखपुर) प्रसारणलाइनको नेपाल खण्ड हो । भारत खण्डको निर्माण नेपाल-भारतको संयुक्त लगानीमा यसअघि नै अघि बढाइएको थियो । पहिलो टेन्डर रद्द भएपछि यो खण्डको निर्माण भने अन्योलमा परेको थियो । भारत खण्डको प्रसारणलाइन निर्माण हुने र नेपालको खण्डको निर्माण ढिलाइ हुने भएपछि यस खण्डको निर्माण छुट्टै अघि बढाइएको थियो । यो प्रसारणलाइन बनेपछि नेपाल-भारतबिचको विद्युत् व्यापारमा महत्वपूर्ण योगदान पुग्ने विश्वास गरिएको छ ।

१४ भदौ ०८१ मा २१ महिनामा काम सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भएको थियो । हालसम्म आउँदा ठेक्को १३ महिना समय व्यतीत भइसकेको छ, अब ठेक्काको म्याद आठ महिना मात्रै बाँकी छ । सोही कारण समयमा परियोजनाको निर्माणकार्य सकिएन भने चुनौतीपूर्ण रहनेछ । यद्यपि, बिचमा अनुदान स्थगन हुँदा यस ठेक्काअन्तर्गतको काम अघि बढ्न सकेन । त्यो अवस्थामा कम्पनीले म्याद थपको अवसर पाउने सम्भावना उच्च रहेको स्रोतको भनाइ छ ।

एमसिसीको ५५ करोड डलर अनुदान र नेपाल सरकारको १९ करोड ७० लाख डलर लगानीमा चार सय केभी क्षमताका तीन सय १५ किमि लामो चार प्रसारणलाइन, चार सय केभी क्षमताका तीन सबस्टेसन, पूर्व-पश्चिम राजमार्गको धानखोला-लमही ४० किमि सडकखण्ड र मुग्लिन-नारायणगढ सडकलाई विशेष रूपमा मर्मत गर्दैछ छ । पछिल्लोपटक अमेरिकाले थप गरेको पाँच करोड डलर अनुदान भने नेपालको मन्त्रिपरिषद्बाट अनुमोदन हुन बाँकी छ । हालसम्म प्रसारणलाइन र सबस्टेसन निर्माणको ठेक्का सम्झौता भइसकेको छ । १८ किमि लामो 'न्यु बुटवल-नेपाल/भारत सीमा' प्रसारणलाइन बनाउन १४ भदौ ०८१ मा भारतको ट्रान्सरेल लाइटिङ लिमिटेडसँग सम्झौता भएको थियो ।

यस्तै, गत साउन २९ मा मात्रै चार सय केभी क्षमताका ९० किमि लामो नयाँ दमौली-नयाँ बुटवल र ९० किमि लामो रातमाटे-नयाँ बुटवल प्रसारणलाइन बनाउन ठेक्का सम्झौता भइसकेको छ । नयाँ दमौली-नयाँ बुटवल प्रसारणलाइन निर्माणका लागि वाइवा-सलार जेभीसँग सात करोड ७० लाख ३० हजार डलरमा ठेक्का सम्झौता गरिएको छ । यस्तै, ९० किमि लामो चार सय केभी क्षमताको रातमाटे-नयाँ दमौली प्रसारणलाइन बनाउन भारतको एन्जेलिक-स्किपर जेभीसँग सात करोड ७४ लाख ८० हजार डलरमा ठेक्का सम्झौता गरिएको हो । यस्तै, गत असोज दोस्रो साता एक सय १७ किमि लामो लप्सीफेदी-रातमाटे-न्यु हेटौंडा प्रसारणलाइन बनाउन आशिष-बोज्लर संयुक्तसँग सात करोड ६६ लाख ५० हजार अमेरिकी डलरमा ठेक्का सम्झौता गरिएको थियो ।

## ● चाडपर्व र जाडोका सामग्री बोकेका एक हजार कन्टेनर चिनियाँ क्षेत्रमै

उत्तरी नाका हुँदै दसैं र जाडोका लागि नेपाल ल्याइँदै गरेका झन्डै एक हजार कन्टेनर सामान चीनतर्फ नै रोकिएका छन् । नेपाल- चीन सीमाको भूबनोट र प्राकृतिक विपत्तिजन्य अवरोधले चिनियाँ क्षेत्रमै सामानहरू रोकिएका हुन् । खासगरी दसैं, तिहार र जाडो मौसमका लागि आवश्यक रेडिमेड, इलेक्ट्रोनिक्स र फलफूलजन्य सामग्रीहरू ७५ प्रतिशत चिनियाँ क्षेत्रमै अड्किएको व्यवसायीले बताएका छन् ।

आयात गरिएकामध्ये २० प्रतिशत फलफूल नेपाल भित्रिएका छन् । करिब १० प्रतिशत फलफूल कन्टेनरभित्र कुहिएकाले मिल्काइएको छ । तीन सय चिनियाँ कन्टेनर फलफूल खरिद गरेर ल्याइएकोमा ३० कन्टेनर मात्रै नेपाल भित्रिएको नेपाल हिमालय सीमापार वाणिज्य संघका कार्यकारिणी सदस्यसमेत रहेका स्याउ व्यापारी शारदाप्रसाद पराजुलीले बताए । खासाबाट कम गाडी छाडेकाले फलफूलमा आँप लगभग सबै कुहिएको उनको भनाइ छ ।

दसैंका लागि ल्याएका कपडा र जुत्ता-चप्पलजन्य रेडिमेड, तिहारमा प्रयोग हुने इलेक्ट्रोनिक्स र जाडो मौसमका लागि खरिद गरिएको ज्याकेट, कम्बल र ब्ल्यांकेट बोकेका एक हजार कन्टेनर चिनियाँ क्षेत्रमै रोकिएका छन् । यसरी सामग्री रोकिनुमा नेपालतर्फ रसुवा र तातोपानी नाकाको भौगोलिक कठिनाइ मुख्य अवरोध हो । त्यसैगरी, नेपालतर्फ समस्या देखाएर चिनियाँ क्षेत्रमा भन्सारले गरेको ढिलाइ सहायक कारण हो । २४ असारदेखि रसुवा नाका बन्द छ ।

यता तातोपानी नाका पनि साउन पहिलो साताबाट पहिरोले करिब दुई महिना अवरूद्ध हुँदा चाडपर्वलक्षित सामग्री आयात हुन सकेन । पहिरो पन्छाउँदै पास भएका केही कन्टेनर रेडिमेड सामग्री राजधानी ल्याइएको छ । कोदारी सडक सञ्चालनमा रहे तापनि यसको जीर्ण अवस्थाले सवारीसाधन आवतजावत नियमित छैन । दिनहुँ भइरहेको वर्षाले कोदारीको डाक्लाङमा फेरि पहिरो गएकाले सवारीसाधन आवतजावत रोकिएको तातोपानी भन्सारका सूचना अधिकृत रमेशबहादुर शाहले जानकारी दिए । चाडबाडलक्षित सामग्री आयात बढाउन चिनियाँ पक्षसँग कुरा भएर दैनिक २० कन्टेनर तातोपानी आइरहेको उनले बताए । 'खासामा भन्सार, अध्यागमन र स्थानीय सरकारबिच छलफल गरेपछि केही दिनदेखि कन्टेनर संख्या बढाइएको हो,' उनले भने ।

चिनियाँ सहरबाट नेपालका लागि खरिद गरिएका सामग्री ल्हासा, सिँगात्से, मिम्बु, न्यालम र खासामा जाम भएका छन् । मुसा, राखेमा, आरके, आडो र सिल्क ट्रान्सपोर्ट कम्पनीका गोदाम भरिएकाले राख्ने ठाउँ छैन ।

खासाबाट २० किलोमिटरमाथि न्यालम, सय किलोमिटर टाढा मिम्बु र चार सय ५० किलोमिटर दूरीमा रहेको सिँगात्से सहरका सबै गोदाम भरिभराउ भएका छन् । अक्टोबर एक तारिखबाट लागू हुने गरी चिनियाँ कस्टमले नेपाल निर्यात हुने सामग्रीमा दुई प्रतिशत कर लिन सुरू गरेकाले पनि ट्रान्सपोर्ट कम्पनीहरू सामग्री ढुवानी गर्न द्विविधामा परेका छन् । करको भार कसले व्होर्ने भन्ने विषयमा व्यापारी र ट्रान्सपोर्ट कम्पनीबिच समझदारी बनेको छैन ।

चिनियाँ पक्षले मौखिक दुई प्रतिशत र कागजी रूपमा २५ प्रतिशत कर बढाएको भनेर भन्सार डकुमेन्टमा लेखेकाले ट्रान्सपोर्ट कम्पनीहरू अलमलमा परेको आडो ट्रान्सपोर्ट कम्पनीले नयाँ पत्रिकालाई जानकारी दिएको छ ।

## मुलुक ध्वस्त...

बचाउनका लागि उनीहरू सक्रिय भएनन् । सिंहदरबारको सुरक्षा गर्न सिंहदरबारभित्रै सेनाको गण रहेको छ । त्यो गणका सैनिकलाई किन परिचालन गरिएन ? सिंहदरबारको आगो तीनदिनमा मात्र निभाईयो त्यसदिन किन काठमाडौ महानगरपालिकाका दमकलहरू प्रयोग गरिएन ? काठमाडौ महानगरपालिका मेयर बालेन शाहले सिंहदरबारमा लागो लगाईदिन्छु भन्दै निकै पहिला नै स्टाटर्समार्फत सरकारलाई जानकारी गराएका थिए तर सुरक्षा निकायले साहको भनाईप्रति किन चासो राखेन ? फेसबुक मार्फत स्टाटस लेखेका बालेन साहको नियन्त्रणमा रहेको काठमाडौ महानगरका दमकलहरू ३ दिनपछि जब सिंहदरबार सर्बोच्च अदालत ध्वस्त भए अनि दुनियाँलाई देखाउनका लागि मात्र दमकल प्रयोग गरियो । बालेन साहले भिडले गर्दा दमलक प्रयोग गर्न नसकिएको अभिव्यक्ति झण्डै एक महिनापछि दिएका छन् तर ललितपुर महानगरपालिका दमकल कसरी आए त ? सर्बोच्च अदालतको आगो ललितपुर महानगरपालिकाका दमकलले निभाएको हो साहको दमकलले होइन ।

भाद्र २३ र २४ को विरोध प्रदर्शन र आगजनी पछि तत्कालिन प्रधानमन्त्री केपी ओलीले पदबाट राजिनामा दिईसकेपछि मुलुक सरकारविहिन अवस्थामा रह्यो । त्यसबेला स्थायी सरकार भनिने निजामतितर्फका मुख्य सचिवले समेत आफ्नो भूमिका निभाएनन् । सरकारका मुख्य सचिव, संसद सचिवालयका महासचिव सहित सरकारका सचिवहरू संसदको राज्यव्यवस्था तथा सुशासन समितिले पारित गरेको कुलिङ अफ पिरियडको विपक्षमा रहेकोले उनीहरूले अन्तिम समयमा तत्कालीन ओली सरकारलाई सहयोग गरेनन् ।

सुरक्षा निकायपनि मुख्य सचिवको पक्षमा रहेको सुरक्षा निकायको भाद्र २३ र २४ गतेको व्यवहारले देखाएको छ । भाद्र २७ गते राष्ट्रपतिबाट र संविधानको उल्लंघन गर्दै जेन-जी र बालेन साहको सिफारिसमा सर्बोच्च अदालतका पूर्व प्रधान्यायाधिश सुशिला कार्कीलाई प्रधानमन्त्रीमा नियुक्त गरियो । अहिलेसम्म प्रधानमन्त्री कार्कीले मन्त्रिपरिषद्लाई पूर्णता दिन सकेकी छैनन् । जेन-जीको विरोध प्रदर्शनमा प्रदर्शनकारीलाई पानी बाँड्न आएको बताउने सुदन गुरूङ कसरी एकाएक जेन-जीको नेता बने ? जेन-जीहरूका झण्डै ४० वटा समूह रहेका छन् । यी मध्येका केही समूहलाई बालेन साहले प्रयोग गरेका छन् भने केहीलाई सुदन गुरूङले प्रयोग गरेर आफ्नो राजनीतिक स्वार्थ पूरा गरिरहेका छन् । अहिले गुरूङले पूर्व प्रधानमन्त्री ओली र तत्कालन गृहमन्त्री रमेश लेखकलाई तत्काल पक्राउ गरी थुनामा राख्नुपर्ने माग गर्दै प्रधानमन्त्री कार्की र मन्त्रीहरूलाई धम्कीको भाषा प्रयोग गरिहँदा समेत प्रधानमन्त्री कार्की मौन रहनुको अर्थ के ?

अहिलेको मन्त्रिपरिषद्मा बालेन साहका कानुनी सल्लाहकार ओम प्रकाश अर्याललाई गृहमन्त्री बनाईएकोले गर्दा मन्त्रिपरिषद्मा अर्याल नै हावी भएको र उनैको निर्देशनमा सुदन गुरूङले ओली र लेखकलाई तत्काल पक्राउ गर्नुपर्ने माग गरिरहेका छन् । फागुन २१ गते निर्वाचनको मिति घोषणा भैसकेको भएपनि आजसम्म कार्की सरकारले राजनीतिक दलहरूसँग सामान्य छलफलसम्म गर्न सकेको छैन ।

सुदन गुरूङको निर्देशन मान्न के सरकारी संयन्त्र कार्की सरकार बाध्य भएको हो त ? उच्च तहका सरकारी कर्मचारीहरूलाई निर्देशन दिने हैसियत गुरूङको कसरी भयो ? यी सबै कारणहरूले गर्दा प्रष्ट हुन्छ जेन-जीहरूलाई देखाएर अर्याल लगायतको साह र गुरूङ समूह आफ्ना स्वार्थ पूरा गर्न लागि परेका छन् भनेर । कार्की सरकारले भाद्र २३ र २४ गते भएको घटनाको छानविन गर्न उच्चस्तरीय जाँचबुझ आयोग गठन गरेको छ ।

सो आयोगको अध्यक्षमा पूर्व न्यायाधिश गौरीबहादुर कार्कीलाई राखिएकोमा त्यसको व्यापक विरोध भएको छ । कार्कीले आयोगको अध्यक्षमा नियुक्त हुनुअघि नै तत्कालिन प्रधानमन्त्री केपी ओली र तत्कालिन गृहमन्त्री रमेश लेखकलाई पक्राउ गरी हत्याको अभियोगमा मुद्दा चलाइनुपर्दछ भन्ने स्टाटस लेखेका थिए । उनले लेखेको प्राय सबै स्टासहरू विवादास्पद रहेकाले गर्दा उनलाई जाँचबुझ आयोगको अध्यक्षबाट हटाउनुपर्ने माग बढ्दै गएको छ भने नेपाल बारले समेत कार्कीको निष्पक्षतामाथि नै प्रश्न उठाएको छ ।

सुदन गुरूङले कार्कीलाई केही दिन पहिले कार्कीले नै तयार पारि दिएको ज्ञापनपत्र बुझाएका थिए सो ज्ञापनपत्रमा ओली र लेखकलाई तत्काल पक्राउ गरी थुनामा राख्नुपर्ने माग गरे बमोजिम ज्ञापनपत्र बुझेको एक घण्टाभित्र ओली र लेखकलाई पक्राउ गर्न आयोगको अनुमति नचाहिने भन्दै विज्ञप्ति नै सार्वजनिक कार्कीले गराएका थिए ।

यी सबै कारणहरूलाई राजनीतिक दलहरूले सुक्ष्म रूपमा हेरिरहेको हुनाले र आजसम्म सरकारले राजनीतिक दलहरूसँग निर्वाचनका सन्दर्भमा कुनै छलफल, बहससम्म नगरेको हुनाले कार्की सरकार निर्वाचन भनिरहने तर निर्वाचन नगराउने पक्षमा रहेको जस्तो देखिएको छ । राजनीतिक दलहरूको सहयोग र समर्थन विना निर्वाचन असम्भव रहेको छ ।

कांग्रेस, एमाले सहितका राजनीतिक दलहरूले आफ्ना नेता तथा कार्यकर्ताहरू सडकमा उतारेको अवस्थामा मुलुकको अवस्था कस्तो होला ? त्यसबेला जेन-जीको सिफारिसमा प्रधानमन्त्री र मन्त्री बनेकाहरूले के सरकार धान्न सक्छन् ? यी सबै कारणहरूले गर्दा पहिला सिंहदरबार जलाउँछु भन्ने बालेन साहलाई पक्राउ गरी उनीमाथि अनुसन्धान हुनु आवश्यक रहेको छ ।

विधिशास्त्रले पनि भन्दछन् कसैले कसैलाई मार्ने धम्की दिएकमा अर्कैले मारेपनि पहिलो धम्की दिनेलाई पक्राउ गरी सोधपुछ हुनुपर्दछ भनिएको छ । यसरी पछिल्लो समयमा जेन-जीहरूलाई देखाएर मुलुक विदेशीहरूको अखडा बनाउने र राष्ट्रवादी नेताहरू र राष्ट्रवादीहरूलाई समाप्त पार्ने खेलमा जेन-जीलाई देखाएर केही व्यक्तिहरू लागि परेको हो कि भन्ने आशंका समेत उब्जिएको हुनाले जेन-जीहरू सतर्क हुनुपर्ने आवश्यकता देखिन्छ ।

## कार्की सरकार...

गतिविधि हेर्दा आफ्नो मुख्य जिम्मेवारी भन्दा अलग परम्परावादी राजनीति दल जस्तै लोकप्रियतावादी (पपुलिजम) चंगुलमा फस्दै जान थालेको आभाष पाउन थालिएको छ । सरकारले नियमित प्रशासन बाहेकका अन्य कुरामा सरकारको बढ्ता ध्यान जान थालेको जस्तो देखिएको छ ।

नियमित प्रशासन सञ्चालन बाहेक अन्य कुरामा ध्यान दिंदा सरकार मूल दायित्वबाट विमुख हुने जोखिम बढ्दै गएको छ । यदि सरकारले यस प्रवृत्तिलाई समयमै नबुझ्ने हो भने यसले आफूलाई नभई लोकतन्त्रको भविष्यमाथि नै संकट पर्न सक्ने सम्भावना बढेर गएको छ । यस प्रकरणले गर्दा यसबाट दिर्घकालिन राजनीति अस्थिरताको अवस्था सिर्जना हुन सक्छ ।

पपुलिजम लोकतन्त्रको आधारभूत मान्यताको विपरित विकसित एक टपरटुइँया हावादारी वा स्टन्टबाजी राजनीतिक अवधारणा हो । यस्तो प्रयासल छोटो समयमै लोकप्रियता हाँसिल गर्ने उदेश्यले अभिप्रेरित र बनावटी प्रदर्शनमा आधारित हुन्छ ।

यस्तो प्रवृत्ति एक सबल राष्ट्रलाई आवश्यक पर्ने वास्तविक नीतिगत सुधार दिर्घकालिन पूर्वाधारको विकास र सामाजिक सेवा भन्दा हावादारी गफ प्रतिकारात्मक कदम सनसनीपूर्ण तिकडमवाजी वा क्षणिक रूपमा सबैको ध्यान तान्न सक्ने लहडबाजीमा मात्र सिमित हुनेछ । यस्तो प्रकारन्तले एक भ्रष्ट कमजोर र परनिर्भर राज्यको आधारशिला निर्माण गर्ने कुरालाई मद्दत गर्दछ । अहिले कार्की सरकाकरो यस्तै कार्यमा सक्रिय भएको आभाष भएको छ ।

## कार्की सरकार...

पदाधिकारीहरूको राजिनामा माग्नुले जनस्तरमै शंका उपशंका जन्माएका छ ।

जेन-जीहरूको विरोध प्रदर्शनमा भ्रष्टाचार नियन्त्रण र सुशासनको मुद्दा उठाइएको थियो । तर तत्कालिन ओली सरकार ढलेपछि हामीकहाँ संविधान मान्दैनौं भन्नु र सम्वैधानिक निकाय, प्रधानन्यायाधिश सहित न्यायाधिशहरूको राजिनामा माग्नुले मुलुक संकटमा पार्ने उनीहरूको प्रयास रहेको जस्तो देखिएको छ ।

जेन-जीहरूका विभिन्न ग्रुपहरूमध्येका हामी नेपाली संस्थाका अध्यक्ष समेत रहेका गुरूङलाई मात्र सरकारले प्राथमिकता दिनु र उनले उठाएका मुद्दाहरू मात्र सरकारले सुनेको खण्डमा राजनीतिक दलहरू समेत सडकमा आउन सक्ने सम्भावना रहेको छ । प्रधानमन्त्री कार्कीले निर्वाचन सम्पन्न गराउन अहिले सम्म राजनीतिक दलहरूसँग सम्वाद नगर्नुले कार्की सरकार आफ्नो मुख्य एजेण्डाबाट बहिर गएको जस्तो देखिएको छ ।

## सुरक्षा निकायको...

गोली चलेपछि मानिसहरू त्यहाँबाट हिडेका र गोली लागेका व्यक्तिहरूलाई अस्पताल पुऱ्याउने क्रममा समेत संसद भवन तोडफोड भईरहेका हुनाले त्यहाँ घुसपैठ भएकोमा अब कुनै शंका रहेन । जेन-जीहरूले सो दिन १ : ३० मा प्रकाशित गरेको प्रेस विज्ञप्तिमा समेत शान्तिपूर्ण विरोध प्रदर्शनमा घुसपैठ भएको स्वीकार गरिएको थियो ।

बानेश्वरमा गोली चलेपछि भिड तितर वितर भएपछि अर्को दिन भाद्र २४ गते पनि गोली चलेको विराधमा विरोध प्रदर्शन हुन सक्छ भन्ने आंकलन गर्न नसक्नु सुरक्षा निकायको कमजोरी हो । शान्तिपूर्ण रूपमा हुने भनिएको विरोध प्रदर्शनमा प्रदर्शनकारीलाई संसद भवनको गेटसम्म जान दिनु र प्रर्याप्त मात्रामा सुरक्षाकर्मीहरू परिचालन नगरिनुको अर्थ के ?

भाद्र २३ गते गोली चलेपछि त्यसको सुक्ष्म विश्लेषण गरेर २३ गते बेलुका देखि नै कर्फ्यु आदेश किन जारी गरिएन ? २४ गते विहानैदेखि मानिसहरू विभिन्न ठाउँमा भेला हुन थालेकोमा किन सुरक्षा निकायले कति मान्छे भेला हुन सक्छ भनेर प्रर्याप्त सुरक्षाकर्मीहरूलाई तैनाथ गरेन ? सिंहदरबार जल्न लाग्दा सिंहदरबारभित्रै रहेको सेनालाई किन सुरक्षाको जिम्मेवारी दिइएन ? सेनाको प्रधान कार्यालयबाट २ मिनेटको बाटोमा रहेको सिंहदरबार र सर्बोच्च अदालतमा आगजनी हुँदा सेना किन परिचालन गरिएन ? राष्ट्रका महत्वपूर्ण संरचना बनाउने दायित्व कसको हो ? यी सबै कारणहरूले प्रष्ट हुन्छ सुरक्षा निकाय तत्कालिन ओली सरकारसँग रूष्ट थियो भनेर । आखिरी किन ?

## जेनजीहरु एकै...

निष्पक्ष छानविन गरी अपराधमा संलग्न भएका व्यक्तिहरूलाई दायरामा ल्याएर कानुनको शासन कायम गर्ने दायित्व प्रधानमन्त्री कार्की नै हो ।

निर्वाचनको लागि जेन-जीहरूको भूमिका पनि महत्वपूर्ण रहेको छ । त्यो समूहको निश्चित सांगठानिक आकार अहिले सम्म देखिएको छैन भने उनीहरू विभिन्न समूहमा रहेका र एक समूहले अर्को समूहलाई विशवास गर्न सक्ने वातावरण समेत नभएकाले गर्दा बरू उनीहरूले पार्टी नै खोलेर अघि बढ्न सकेको खण्डमा एउटा आकार लिन सक्छ । अहिल पनि जेन-जीको नेता को हो भनेर भन्न सकिने अवस्था देखिँदैन ।

प्रधानमन्त्रीसँग वार्ता गर्न विभिन्न समूह बालुवाटार पुग्ने भएपनि उनीहरूबीचमै विवाद उत्पन्न हुँदै आएको र एकले अर्कोलाई विश्वास गर्न सक्ने वातावरण नभएकोले गर्दा कार्की सरकार अप्ठ्यारोमा पर्दै गएको छ । संसद विघटन अन्तरिम सरकार गठन मन्त्रिपरिषद् गठनमा काठमाडौका मेयर बालेन साह भित्र भित्रै सक्रिय रहेका भएपनि उनलाई जेन-जीहरूले विश्वास गर्न सकिरहेका छैनन् ।

## कार्की आयोग..

दिने गरेको आरोप उनीमाथि लाग्दै आएको छ ।

बदलिएको राजनीतिको मुख्य स्टेकहोल्डर अन्तरिम सरकार हो । यो सरकारको यो एकमात्र कार्यसूची चुनाव हो र हुनुपर्दछ । हुनत नियमित प्रशासन सञ्चालन गर्ने सरकारकै दैनिकी नै हो । मुलुकमा विपद् आउँदा सरकारको भूमिका अझ बढी हुन्छ । किन भने सरकार जनताको अभिभावक समेत भएकाले उसले अभिभावको भूमिका निभाउन सक्नुपर्दछ ।

जेन-जीको आवरणमा भएका हिसांत्मक र विध्वसंसात्मक गतिविधिको निष्पक्षता छानविन गरी दोषी ठहर भएका व्यक्तिहरूलाई कानुनी दायरामा ल्याउनुपर्ने दायित्व सरकारको भएपनि प्रहरीले सो घटनामा संलग्न रहेका भनि प्रमाणका आधारमा पक्राउ परेका व्यक्तिहरूलाई रिहा गर्न सरकारले आदेश दिनु र उनीहरूलाई रिहा गरिनुले कानुनी शासनको खिल्ली उडाइएको छ । प्रधानमन्त्री कार्की पूर्व प्रधान्न्यायाधिश समेत रहेकी हुनाले उनी कानुनको ज्ञाता रहेपनि किन र कसको दवावमा प्रहरी प्रशासनलाई पक्राउ गरिएका व्यक्तिहरूलाई रिहा गर्न आदेश दिइन भन्ने प्रश्न समेत उठेको छ । सरकारको यस्तो रवैयाले गर्दा कानुनी शासनको ध्वज्जी उडाउने काम सरकारबाटै भएको आरोप सरकारमाथि लाग्दै आएको छ ।

भाद्र २३ गते भएको घटनाको छानविन गर्न गठन गरिएको गौरीबहादुर कार्कीको अध्यक्षतामा गठन गरिएको आयोगका बारेमा अध्यक्षकै निष्पक्षतामाथि प्रश्न उठेकोले तत्काल कार्कीलाई हटाएर सर्बोच्च अदालतका न्यायाधिसहरूको अध्यक्षतामा अर्को आयोग गठन गरि छानविन आयोग गठन गरिनुपर्दछ ।

## राजनीतिक...

दायित्व भनेको तोकिएको समयमा निष्पक्ष रूपमा निर्वाचन सम्पन्न गरी निर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्नु नै हो । तर कार्की सरकार अहिले पनि जेन-जी समूहको एक समूह सुदन गुरूङकै वरिपरि घुमिरहेको छ त्यसैले गर्दा प्रधानमन्त्री कार्कीले मन्त्रिपरिषद्लाई समेत पूर्णता दिन सकेकी छैनन् ।

बाढी पहिरोले गर्दा जनजीवन अस्तव्यस्त रहेको छ । यस्तो दैवी प्रकोपको बेला सबै राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूलाई परिचालन गरेर जनताको जनधनको सुरक्षामा लगाउनुपर्नेमा कार्की सरकार असफल भएको छ । राजनीतिक दलहरूसँग प्रधानमन्त्री कार्की र मन्त्रीहरूले समेत कुनै छलफल समेत गर्न सकेका छैनन् ।

राजनीतिक दलहरूको सहयोग र समर्थन विना सरकारले निर्वाचन गराउन सक्छ भन्ने अडान लिने हो भने त्यसो अडान सरकारको लागि फलामको च्युरा चपाउनु सरह हुनेछ । कार्की सरकार गठन भएको १ महिना पुग्न लागेको भएपनि सरकारले जनतामा आशा एवं विश्वास दिलाउन सकेको छैन ।

अहिले दशै, तिहार जस्ता ठुला चाडपर्व रहेकाले जनता तिनै चाडपर्व मनाउन व्यस्त रहेकाले गर्दा सरकारलाई केही सहज अवस्था रहेपनि चाडपर्व सकिने वित्तिकै जनताले आफ्ना आवश्यकता र सेवा सुविधा खोज्न सक्ने भएकाले तत्काल कार्की सरकारले राजनीतिक दलहरूसँग सम्वाद गरी उनीहरूका विश्वास जित्न सक्नुपर्ने टड्कारो आवश्यकता देखिन्छ ।

## कार्की प्रधानमन्त्रीका...

अध्यक्ष गौरीबहादुर कार्कीलाई ज्ञापनपत्र बुझाएकै दिन पक्राउ गरिएको व्यक्तिहरूलाई रिहा गरिनुको अर्थ के ?

काठमाडौका मेयर बालेन साहले निकै पहिला नै सिंहदरबार जलाउने अभिव्यक्ति पटक पटक दिएका थिए । सिंहदरबार जल्यो तर बालेन साहलाई सामान्य सोधपुछसम्म गर्ने हिम्मत कार्की सरकारले देखाउन सकेन । उनैको सिफारिसमा बारबार एडम्सको फाउण्डेशनका सदस्यसमेत रहेका व्यक्तिहरूलाई मन्त्री बनाइयो । गौरीबहादुर कार्कीलाई छानविन आयोगका अध्यक्ष बनाएर केही नेताहरूलाई दोषी देखाउनका लागि मात्र उनलाई अध्यक्ष बनाइएको प्रष्ट हुँदै गएको छ ।

कार्कीले आफू अध्यक्ष बन्नु भन्दा पहिला नै स्टाटस लेख्दै केही व्यक्तिहरू अपराधी हुन् उनीहरूमाथि कारबाही हुनुपर्दछ भन्दै बालेनको समर्थन गरेका थिए । त्यही कारण उनी बालेनकै सिफारिसमा गृहमन्त्री ओमप्रकाश अर्यालको सिफारिसमा आयोगका अध्यक्ष बनाइएका थिए । अर्याल बालेनका कानुनी सल्लाहकार समेत रहेकाले प्रधानमन्त्री कार्की प्रधानमन्त्री मात्र रहेको र सबै काम निज ओम प्रकाश अर्यालमार्फत हुने भएकाले गर्दा प्रधानमन्त्री कार्की प्रधानमन्त्रीका लागि प्रधानमन्त्री मात्र रहेको जस्तो देखिएको छ ।

प्रधानमन्त्री कार्कीले आगजनीमा संलग्नहरूलाई कानुनी कारबाही हुन्छ भन्ने अभिव्यक्ति दिएकी भएपनि उनीहरू सबै रिहा हुनुले गौरीबहादुर कार्की आयोगले समेत बालेन र गुरूङकै सहमतिमा प्रतिवेदन तयार गरि केही राजनीतिक दलका नेताहरूमाथि कारबाही चलाउनुपर्ने प्रतिवेद तयार गरि सरकारलाई बुझाउने निश्चित जस्तै भएको छ । त्यसैले तत्काल कार्की आयोग विघटन गरेर सर्बोच्च अदालतका बहालवाला वा पूर्व न्यायाधिशको अध्यक्षतामा आयोग गठन गरि निष्पक्ष छानविन आवश्यक रहेको छ । के यस कार्यका लागि प्रधानमन्त्री कार्की तयार होलिन् भन्ने प्रश्न समेत उठेको छ ।


## चाडपर्व प्रति सम्मान गरौं ।

- चाडपर्व मनाउँदा अनावश्यक तडकभडक नगरौं,
- मौलिक संस्कार र संस्कृति झल्कने गरी चाडपर्व मनाऔं,
- सभ्य, शिष्ट र मर्यादित रुपमा चाडपर्व मनाऔं,
- असल आचरण र सामाजिक सद्भाव प्रवर्द्धन गरौं,
- एक अर्काको चाडपर्व प्रति सम्मान गरौं,
- अरुलाई नकरात्मक असर पार्ने गतिविधि नगरौं,
- धर्म संस्कृति र परम्परालाई सम्मान गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल • कार्यालय : बुद्धनगर, काठमाडौ • फोन : ४७९०२९५, मो. : ९८४१२५४८८५ • इमेल : devendrachudal@gmail.com • मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार